


PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ चैत १६ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 March 30 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २११

## अनुदान रकममा अनियमितता भएको आशङ्का

## जगरनाथपुर गापा कार्यालयमा अख्तियारको छापा



जगरनाथपुर गापा कार्यालयमा अख्तियारले गरेको छापामारीको दृश्य । तस्वीरः प्रतीक

प्रस, सेढवा, १५ चैत/

अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाको टोलीले जगरनाथपुर गाउँपालिका कार्यालयमा छापामारी गरेको छ ।

अनुसन्धानका सूचना अधिकृत विष्णुप्रसाद सापकोटाले अख्तियारको टोलीले जगरनाथपुर गापामा अनुसन्धान शुरू गरेको पुष्टि गरेका छन् । अख्तियारको टोलीले गापा कार्यालयमा कार्यरत कर्मचारीहरूसँग आज सोधपूछ गरेको छ । प्रमुख प्रशासकीय अधिकृत राज कुशवाहालगायत कर्मचारीहरू अख्तियारको टोली आउँदा अनुपस्थित थिए । उनले आफू कार्यरत अवधिमा सो कार्य नभएको प्रतीकलाई बताए । कुशवाहाले आफूले कार्यभार सम्हाल्नु अघि सो घटना भएको प्रस्ट्याएका छन् ।

जगरनाथपुर गापामा कोरोना सङ्क्रमणको बेला सरकारले कोरोना प्रभावित विपन्न परिवारको लागि प्रतिपरिवार रु १० हजारको व्यवस्था गरेकोमा ८८० परिवारलाई वितरण गरिएको विवरण पठाएको थियो । तर यो रकम गापाले वितरण गरेको राहत थियो भन्ने कुरा थाहा भएपछि अनियमितता भएको भन्दै अख्तियारले अनुसन्धान शुरू गरेको हो ।

स्रोतका अनुसार कोरोना सङ्क्रमणको बेला गापा कार्यालयले नागरिकताको फोटोकपीसहितको विवरण लिएर रकम वितरण गरेको र सोही विवरणलाई अनुदान रकम बुझेकोमा प्रयोग गरेको देखिएको छ । गत पुसमा भएको महालेखा परीक्षणबाट यो कुराको पुष्टि भएपछि जगरनाथपुर गापाविरुद्ध समाचारहरू प्रकाशित भएको थियो र अख्तियारले आज छापामारी गरेको हो ।

जगरनाथपुर गापामा कार्यरत शिक्षकहरूलाई सोही अनुदान रकमबाट तलब वितरण गरिएको र स्वास्थ्य संयोजक रामसिकिल साहलाई रु २४ लाख अनुदान सहयोग दिएको बुझिन आएको छ ।

स्वास्थ्य संयोजक साहको कोरोनाको कारण मृत्यु भइसकेको छ । अनुदान रकमको दुरुपयोग भएको पाइएपछि अन्य शीर्षकहरूमा पनि सो गापामा अनियमितता भएको हुन सक्ने अख्तियारको ठम्याइ छ ।

अख्तियारको टोली पौने १२ बजे आएको सुचना पाएपछि तत्काल कार्यालयमा नरहेका कर्मचारीहरु पनि आएका थिए । उनिहरुका साथै अख्तियार को टोलीले विशेष रुपमा आर्थिक शाखा प्रमुख सञ्जय पटेलसंग एकघण्टा कुर ाकानी गऱ्यो ।

टोलीले आज खोजी गरेको कागजातमध्ये केहि फेला पारेको तर अझै कागजातहरु लिन बाँकी रहेको र सबै कुराको प्राप्ती पछि मात्र तथ्यगत सत्य कुरा सार्वजनिक गर्ने बताएको छ ।

## नागरिकता लिन एक्कासि भीड बढ्यो

प्रस, वीरगंज, १५ चैत/

जिल्ला प्रशासन कार्यालय, पर्सामा नागरिकता लिनेहरूको भीड बढेको छ । स्थानीय तहको निर्वाचनमा मतदाता नामावलीमा नाम भएकाहरूले नागरिकताको आधारमा मतदान गर्न पाउने भनेर विभिन्न दलका नेताहरूले गाउँघरमा प्रचार गरेको कारण अहिले मतदाता परिचयपत्र पाउन नसकेका तर मतदाता नामावलीमा नाम भएकाहरू जिल्ला प्रशासन कार्यालय, पर्सामा नागरिकता लिन तँछाड–मछाड गर्दैछन् ।

मतदाता नामावलीमा नाम भए–नभएबारे जानकारी नलिएरै अहिले नागरिकता बनाउनेहरूको भीड बढेको छ । विभिन्न पालिकामा रहेका विभिन्न दलका नेताहरूले यस्तो हल्ला फैलाएपछि नागरिकता लिनेहरूको भीड बढेको हो । जिल्ला निर्वाचन कार्यालय, पर्साको प्रमुख रञ्जना झाले मतदाता नामावलीमा नाम भएका र मतदाता परिचयपत्र लिएर नागरिकता मात्रको आधारमा मतदान गर्न नपाउने प्रस्ट्याइन् ।



जिल्ला प्रशासन कार्यालय, पर्सामा नागरिकता बनाउनेहरूको भीड । तस्वीरः प्रतीक

हराएका तथा परिचयपत्र लिन नसकेकाहरूको हकमा नागरिकतालाई आधार मानेर मतदान गर्न पाउने व्यवस्था मिलाएको बताइन् । उनले मतदाता नामावलीमा नाम नभएकाहरूको हकमा

स्थानीय तहको निर्वाचनको लागि डेढ महीनामात्र बाँकी रहँदा जिल्ला प्रशासन कार्यालयमा विगतको तुलनामा अहिले नागरिकता लिनेहरूको भीड बढेको हो ।

(बाँकी अन्तिम पातामा)

## नगरप्रमुखद्वारा क्लब, धर्मशालाको उद्घाटन

प्रस, वीरगंज, १५ चैत/

वीरगंज महानगरका प्रमुख विजय



तस्वीरः प्रतीक

सरावगीले वीरगंज महानगर–३ छपकैयामा निर्मित न्यु स्टार युवा क्लब तथा धर्मशालाको उद्घाटन गरेका छन् । सो अवसरमा उनले गत स्थानीय निर्वाचनमा सबैभन्दा कम मत वडा नं. ३ बाट पाएको र आफ्नो कार्यकालमा सबैभन्दा बढी विकास सोही वडामा गर्ने प्रतिबद्धता अनुरूप काम गरेको दाबी गरे ।

उनले वडा नं. ३ मा क्लब तथा धर्मशाला निर्माणबाट स्थानीयलाई सहयोग पुग्ने दाबी गरे । चार वर्षको अवधिमा दुई करोडभन्दा बढीको विकास योजना सो वडामा गरेको उनले बताए । नवनिर्मित धर्मशाला रु १५ लाखमा सम्पन्न भएको वडा सदस्य तुफैल अख्तरले बताए ।

स्थानीय रेयाज मन्सुरीको अध्यक्षतामा भएको उद्घाटन समारोहमा वडा सदस्य सन्तोष गुप्तालगायतको सहभागिता थियो ।



## विचारसार र सूक्तिहरू

शङ्काको कुनै उपचार हुँदैन, चरित्रको कुनै प्रमाण हुँदैन। मौनजस्तो कुनै साधन हुँदैन र शब्दभन्दा तिखो कुनै वाण हुँदैन।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# गठबन्धनको आग्रह

**अहिले स्थानीय तहको निर्वाचन आइरहेको छ। यो निर्वाचन कुनै पनि राजनीतिक दलको लोकप्रियताको कसी हुने हुँदा, जसरी पनि निर्वाचनमा जित्ने दाउमा राजनीतिक दलहरू लागेका छन्। तर अहिले राजनीति आफू अघि बढ्ने नभएर कसैलाई पराजित पार्ने रणनीतिबाट सञ्चालित भइरहेको छ। देशमा बहुमतको सरकार नचल्ने विगत ६२ वर्षको राजनीतिक इतिहासले देखाइसकेको छ। नेपाली राजनीतिको विडम्बना नै हो; एकल दलको बहुमत होस्, गठबन्धनपश्चात् जितेर संयुक्त भएका दलहरूको बहुमत होस् वा गठबन्धनबाट बनेको बहुमत होस्, पूरा कार्यकाल चल्नै सकेको छैन। यसमा कुनै बुख्कर राजनीतिक उथलपुथल होइन, वरन् नेतृत्वमा देखा परेको अहम् र पदलोलुपता प्रमुख कारक बन्ने गरेको छ। बहुमत मात्र होइन, नेपाल काङ्ग्रेसले पहिलो आम निर्वाचनमा दुईतिहाई बहुमत ल्याएको थियो। संयोग जुरेन, 'कु'मा पर्‍यो। त्यसपछि अर्को आम निर्वाचन २०४७ सालमा पनि नेपाली काङ्ग्रेसले दुईतिहाई बहुमत ल्यायो, आफ्नै पार्टीका सांसदहरूले गर्दा सरकार ढल्यो, नेतृत्वको अहम् यति चुलियो कि दलकै अर्को सरकार बनाउनुको साटो निर्वाचनमा जाने निर्णय गरेर सबै साख गुमायो।**

**त्यस बेला गिरिजाप्रसाद कोइरालालाई आफूपायकका व्यक्तिलाई जिताएर बहुमत ल्याउने ठूलो विश्वासले धोखा दियो। बहुमत त के पार्टी नै तेस्रो स्थानमा पुग्यो। तत्पश्चात् नयाँ संविधान आएपछि नेकपा एमाले र माओवादी केन्द्रको गठबन्धन भयो र यो गठबन्धनले दुईतिहाई बहुमतसहित निर्वाचन जित्यो। वाम पार्टीहरूको गठबन्धन भएकोले सदासर्वदा नेपालको सत्तामा बस्न सकिने महत्त्वाकाङ्क्षाले दुवै पार्टी परस्पर गाभिए। तर नेपाली राजनीतिको दुर्भाग्य, यो वामपन्थी एकता पनि धरापमा पर्‍यो। पार्टी टुक्रिएन मात्रै, तीन चिरा पर्‍यो। साक्षी किनारामा पुगेको नेपाली काङ्ग्रेस सत्तामा आयो, उही टुक्रिएको सत्तादलका टुक्रा–टुक्राहरू मिलेर। जतिसुकै सत्ता गठबन्धन गरे पनि, आफूलाई शक्तिशाली देखाए पनि नेकपा एमालेको भूतले गठबन्धनका पाँचै दललाई तर्साउन छाडेन। केही सैद्धान्तिक नेताहरूलाई छाडेर गठबन्धनका पाँचै दल मिलेर निर्वाचन लड्ने सुरमा छन्, कसैगरी एमालेलाई हराउने दाउमा छन्। आफू जित्नुभन्दा एमालेलाई पराजित गर्ने अभीष्टमा छन्। सत्ताविना राजनीति काटिएको रूखको ठुटो मात्र हुन्छ। सत्ता त चाहिन्छ, तर कुन शर्तमा, कुन मूल्यमा भन्ने कुरा पनि अहम् हुन्छ।**

**गठबन्धनमा नेपाली काङ्ग्रेस, एकदम विपरीत राजनीतिक सिद्धान्त भएका वामपन्थी र उग्र वामपन्थी दलहरू, मधेसवादी दलहरू छन्। यस्तो गठबन्धनले तिनका राजनीतिक दलका कार्यकर्ताहरूको चित्त कसरी बुझाउला? पार्टी अनुशासनको वास्ता दिएर कार्यकर्ताले चित्त बुझाए पनि समर्थकहरूले किन त्यो निर्णय मान्लान्? यस्तोमा स्थानीय निर्वाचन पार्टीभन्दा व्यक्ति–केन्द्रित बन्दैन भन्न सकिन्न। तसर्थ नेपाली काङ्ग्रेसजस्तो राष्ट्रिय पार्टीले एकपटकको जीतका लागि कार्यकर्ता र समर्थकको असन्तुष्टि खेप्ने जोखिम मोल्नु अराजनीतिक निर्णय हुनेछ। निर्वाचनमा एमालेलाई हराएर विजय हासिल गरे पनि अन्ततः नेका मनले हारेको पार्टी बन्नेछ। कमोबेस त्यही अवस्थामा माओवादी केन्द्र पनि पुग्नेछ। च्याखे दाउमा विजयी बन्ने सपना देखेका साना दलहरूका लागि भने गठबन्धन फलदायी बन्नेछ। एक्लैको बूताले जित्न नसक्नेहरू नै अहिले ठूलो स्वरमा गठबन्धनको राग अलापिरहेका छन्।**

# नेपाल–चीन सम्बन्धः न्यु नर्मल

स्वतन्त्र विचार



विनोद गुप्ता

> **प्रधानमन्त्रीको भारत भ्रमणपश्चात् धेरै मुद्दा सफा हुनेछ तर कालापानी सम्बन्धमा मुद्दा नउठे कम्युनिस्ट र खासगरी एमालेले फेरि राष्ट्रवादको मुद्दा उठाउने सम्भावना नकार्न सकिन्न। यी बिघ्न–बाधाका बावजूद नेपाल र काङ्ग्रेसको रथ कसरी हिंड्छ हेर्नैपर्ने हुन्छ।**

चिनियाँ विदेशमन्त्रीको मार्च २५–२७ सम्म नेपाल भ्रमण भ्रमण सकिएको छ। ९ वटा सम्झौतामा हस्ताक्षर भए पनि बेल्ट एन्ड रोड इनिसिएटिभमा खासै प्रगति भएन र भएका सम्झौताहरू पनि नयाँभन्दा पुरानैको पुनर्लेखन भएको बुझिन्छ। एमसिसीमा चीनले देखाएको कडा अडानपछि नेपाली विदेशमन्त्रीको निमन्त्रणमा भएको यो भ्रमणबाट गरिएको ठूलो अपेक्षा पूरा त के, आंशिक रूपमा पनि पूरा भएको देखिंदैन। २०१७ मा बिआरआई फ्रेम वर्क एग्रिमेन्टमा हस्ताक्षर भएपछि चीनले नेपाललाई प्रोजेक्ट कार्यान्वयन योजना सुम्पेको थियो तर नेपालको तर्फबाट यो स्वीकृत भएको छैन। स्वीकृत नहुनु पछाडिको कारण बुझ्दा नेपाल सरकारको धारणा कडा ब्याज दर र सानो भुक्तानी अवधि भएको प्रोजेक्ट हाम्रो लागि लाभप्रद नभएकोले अन्तर्राष्ट्रिय दातृ निकायहरूले नेपाललाई उपलब्ध गराउँदै आएको शर्त अनुसार हुनुपर्ने धारणाका कारण बिआरआईमा सहमति बन्न नसकेको हो। चीनको तर्फबाट आएको विदेश मन्त्रालयको विज्ञप्तिले संशय उत्पन्न भएको छ।

चीनको तर्फबाट विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा बिआरआईप्रति नेपालको प्रतिबद्धता दृढ रहेको उल्लेख गरिएको छ भने चिनियाँ विदेश मन्त्रालयको अर्को विज्ञप्ति अनुसार चीन नेपालको स्वतन्त्र घरेलु एवं विदेश नीतिको पक्षधर रहेको छ। चीन सधैं नेपालको स्वतन्त्रता, सार्वभौमसत्ताको सम्मान गर्ने एवं यस्ता क्षेत्रमा कुनै पनि प्रकारको हस्तक्षेपको विरोध गर्दछ भनिएको छ। चीनको तर्फबाट नेपाली प्रधानमन्त्रीसँग भेटपछि जारी तेस्रो विज्ञप्तिमा नेपालले चिनियाँ राष्ट्रपति सीले प्रस्ताव गरेको ग्लोबल डेभलपमेन्ट इनिशिएटिभप्रति नेपालको समर्थन रहने बताइएको छ। नेपालको तर्फबाट भने जारी गरिएको प्रेस विज्ञप्तिमा बिआरआई तथा प्रधानमन्त्रीसँग भएको संवादको विषयमा केही उल्लेख गरिएको छैन।

तर एमालेका राजन भट्टराईले नेपालको भूराजनीतिक अवस्थाबारे कुनै कुरा नउठेको बताउँदै छलफलमा बिआरआई, बन्द नाकाबाट व्यापार शुरू गर्नुपर्ने र कोभिडका कारण चीनमा अध्ययन गर्नबाट वञ्चित विद्यार्थीहरूले पढ्न पाउनुपर्ने सम्बन्धमा कुराकानी केन्द्रित रहेको थियो। तर सूत्रहरूका अनुसार माओवादी केन्द्रसँग भएको भेटमा एमसिसीको उल्लेख नगरी नेपालमा अमेरिकाको बढ्दो संलग्नताबारे कडा ढङ्गबाट चिनियाँ विदेशमन्त्रीले कुरा उठाएको बुझिएको छ। तर सरकारी स्तरबाट नेपालका विदेशमन्त्रीले भने चिनियाँ विदेशमन्त्रीले एमसिसीबारे कुनै कुरा नउठाए पनि नेपालले आफ्नो पक्षबाट यो विकास परियोजना मात्र भएको भन्दै आश्वस्त पार्न खोजेको बताएका छन्। यो सम्पूर्ण अवस्थाको विश्लेषण गर्दा चीनले नेपालसँग सम्यक भूमिकामा बसेर आफूलाई नेपालको सहयोगी हो भन्ने देखाउनसम्म चाहेको हो। यसको कारकमा नेपाल सरकारले बिआरआईका सम्बन्धमा न्यून ब्याज, भुक्तानी अवधिमा सुधार एवं खुला टेन्डर प्रक्रियामा जाने माग राखेकोले हो।

चिनियाँ विदेशमन्त्री नेपाल आउनु अघि अफगानिस्तानको अघोषित भ्रमण गर्दै दिल्ली आइपुगेका हुन्। दिल्लीमा राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग भएको तीन घण्टा लामो भेटमा उनले दक्षिण एशियामा चाइना–इन्डिया प्लस अवधारणा अन्तर्गत स्वस्थ सहकार्यको प्रस्ताव राखेको बुझिएको छ। चीनको यस अवधारणाको उद्देश्य चीन र भारतले आपसी समझदारीमा दक्षिण एशियाली मुलुकमा विकास परियोजनामा लगानी गर्ने एवं साझा हितका सवालमा समान धारणा बनाउनु हो भन्ने कुरा CGTN ले समेत जनाएको छ।

यो अवधारणाबारे २०१८ मैं भारतीय प्रधानमन्त्री मोदी र चिनियाँ राष्ट्रपतिबीच कुराकानी भए पनि सन् २०२० को चीन र भारतबीच लद्दाखमा भएको सैनिक भिडन्तपछि बल्झिएको सम्बन्धका कारण यसमा भारतले कुनै प्रतिक्रिया जनाएको छैन। नेपालको सम्बन्धमा भने २०१८ मा प्रम ओलीको भ्रमणको बेला चाइना इन्डिया प्लस नेपाल अवधारणामाथि संवाद मञ्च बनाउनेबारे छलफल भए पनि ओली भारतको मनसाय बुझेर मात्रै केही गर्ने मनसायले मौन रहे। अब यहाँ यो स्पष्ट छैन कि यो चीन–नेपाल–भारत त्रिदेशीय सहकार्यकै अङ्ग हो वा पूर्णरूपमा बेग्लै अवधारणा हो। डा बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा २०१२ मा चिनियाँ प्रधानमन्त्रीले आफ्नो भ्रमणमा त्रिदेशीय सहकार्यको प्रस्ताव गरेदेखि नै पटक–पटक चर्चामा आए पनि भारतको असहमतिका कारण यो विषय जहाँको त्यहीं छ।

यसपालि नेपालमा त्रिदेशीय सहकार्यको उच्चारणसमेत सुनिएन, न चाइना–इन्डिया प्लस अवधारणाबारे नै दुवै पक्षबाट विज्ञप्तिमा केही उल्लेख छ। अफगानिस्तान र नेपालजस्ता कमजोर र गरीब मुलुकको लागि दुईवटा विशाल छिमेकी मिल्नुलाई राम्रो मान्न सकिएला जस्तो लाग्दैन र स्वयं भारत पनि यसरी चीनसँग पाकिस्तान र श्रीलङ्कामा चिनियाँ उपस्थितिमा सहयोगी बन्न सक्ला भन्ने आस गर्न सकिंदैन। लामो समयपछि नेपाली पक्षले बिआरआईका सम्बन्धमा आफ्नो अडान स्पष्टसँग राखेकोलाई राम्रो नै मान्नुपर्दछ किनभने भारतसँग व्यावसायिक सम्बन्धको तुलनामा चीनले नेपाललाई प्राथमिकता देला भनेर आस गर्नु व्यर्थको चिन्तन हुनेछ। नाका बन्द गरेर चीनले गरेको 'नाकाबन्दी' लाई नाकाबन्दी नभन्ने मानसिकताबाट नेपाल र नेपाली बाहिर ननिस्केसम्म हामी स्वतन्त्र र सार्वभौम छौं भन्नु उचित हुनेछैन। पारवहन र व्यापारबारे जुन अन्तर्राष्ट्रिय सन्धि भारतसँग लागू हुन्छ त्यो चीनसँग किन लागू हुन नसकेको होला यसको जवाफ पनि सम्बन्धितले नै दिनुपर्ने बेला भएको छ। समष्टिगतरूपमा भन्नुपर्दा नेपालसँग चीनको सम्बन्ध न्यु नर्मल अवस्थामा स्थापित भएको देखिन्छ। त्यो के भने डा बरालको शब्दमा सहयोगी देखिएर अल्झाइराख्ने। नेपाललाई यसको स्पष्ट अर्थ चीनको लागि नेपालको उपयोगिता तिब्बतको असुरक्षा संवेदनशीलतासँग मात्रै सम्बन्धित छ। त्यसैले होला उसले ट्र्याक–टु संवादबाट ओली र प्रचण्ड सँग प्रतिनिधि चीन पठाइदिन भनेको छ। साथै कम्युनिस्ट एकताको सम्भावनातर्फ सङ्केत पनि गरेको छ। यो हुन्छ वा हुँदैन भन्न सकिंदैन तर भइहाले यसले स्थानीय निर्वाचनको परिणाम पूरै फरक पार्न सक्छ। यसैलाई बुझेर नेका सभापति एवं वर्तमान प्रधानमन्त्रीले माधव नेपाल र खासगरी प्रचण्डलाई गठबन्धनमा इङ्गेज गराइराख्न खोजेको हो। स्थानीय निर्वाचनमा नेकपा र एमालेको चुनावी तालमेलले समेत काङ्ग्रेसको जीतलाई अनिश्चित बनाउन सक्छ। प्रमको भारत भ्रमणपश्चात् धेरै मुद्दाहरू सफा हुनेछ तर कालापानी विवादका सम्बन्धमा मुद्दा नउठे कम्युनिस्ट र खासगरी एमालेले फेरि राष्ट्रवादको मुद्दा उठाउने सम्भावना नकार्न सकिन्न। त्यसैले यी सबै बिघ्न बाधाका बावजूद नेपाल र काङ्ग्रेसको रथ कसरी हिंड्छ हेर्नैपर्ने हुन्छ।

# महोत्तरीका बहालवाला सबै स्थानीय तहका प्रमुख तथा अध्यक्षले चुनाव लड्ने

जलेश्वर, १५ चैत/रासस

आसन्न स्थानीय तहको निर्वाचनमा महोत्तरीका बहालवाला सबै स्थानीय तहका प्रमुख तथा अध्यक्ष पुनः त्यही पदमा उम्मेदवारी दिने भएका छन्।

दश नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरीमा विभिन्न राजनीतिक दलबाट निर्वाचित भएका प्रमुख तथा अध्यक्षले पुनः स्थानीय तहको निर्वाचनमा भाग लिने तयारी गरिरहेको बताइएको छ। सरकारले आगामी वैशाख ३० गते स्थानीय तहको निर्वाचन मिति घोषणा गरेको हो।

जिल्लाको १५ स्थानीय तहमध्ये छ वटामा लोसपा नेपाल, चारमा (नेकपा माओवादी) केन्द्र, तीनमा नेपाली काङ्ग्रेस र एउटा/एउटामा नेकपा एमाले एवं जसपा नेपालका प्रमुख तथा अध्यक्ष निर्वाचित भएका छन्। स्थानीय तहको निर्वाचन–२०७४ मा लोसपाबाट जलेश्वर नगरपालिकाका प्रमुखमा रामशङ्कर मिश्र, मटिहानी नगरपालिकाका प्रमुखमा हरिप्रसाद मण्डल, मनरासिस्वा नगरपालिकाका प्रमुखमा सञ्जयकुमार सिंह, भङ्गहा नगरपालिकाका प्रमुखमा सञ्जीवकुमार साह, एकरडा गाउँपालिकाका अध्यक्षमा रामछविला साह र महोत्तरी गाउँपालिकाका अध्यक्षमा सुनीलकुमार राय निर्वाचित भएका थिए। आसन्न स्थानीय तहको निर्वाचनमा पनि उनीहरूलाई पार्टीले पुनः उम्मेदवार बनाउने तयारी गरेको लोसपा महोत्तरीले जनाएको छ।

त्यस्तै स्थानीय तहको निर्वाचन–२०७४ मा नेकपा माओवादी केन्द्रबाट बर्दिवास नगरपालिका, गौशाला



नगरपालिका र रामगोपालपुर नगरपालिकाको प्रमुखमा क्रमशः विदुरकुमार कार्की, शिवनाथ महतो र अशोककुमार मण्डल निर्वाचित भएका थिए। उनीहरू पनि स्थानीय तहको निर्वाचनमा सो पार्टीका तर्फबाट पुनः प्रमुख पदमा उम्मेदवारी दिने तयारीमा रहेको बताइएको छ। यसैगरी स्थानीय तहको निर्वाचन–२०७४ मा नेकपा माओवादी केन्द्रबाट सम्सी गाउँपालिकाका अध्यक्षमा निर्वाचित शेख फारूख अहिले नेकपा एमालेमा प्रवेश गरेका छन्। आगामी निर्वाचनमा उनले एमालेबाट अध्यक्ष पदमा उम्मेदवारी दिने लगभग निश्चित भएको बताइएको छ।

यसैगरी स्थानीय तहको निर्वाचन–२०७४ मा नेपाली काङ्ग्रेसबाट जिल्लाको बलवा, लोहारपट्टी र औरही नगरपालिकाका प्रमुखमा क्रमशः विनोदकुमार यादव, शैलेन्द्र यादव र सुनीलकुमार यादव निर्वाचित भएका थिए। आसन्न निर्वाचनमा उनीहरू पुनः सोही पार्टीबाट सोही पदमा उम्मेदवारी दिने तयारी भइरहेको चर्चा छ। त्यस्तै गत निर्वाचनमा जसपा नेपालबाट सोनमा गाउँपालिकाका अध्यक्षमा निर्वाचित राजकुमार यादव र नेकपा एमालेबाट पिपरा गाउँपालिकाका अध्यक्ष पदमा निर्वाचित विक्रम चौधरीले पनि आसन्न स्थानीय तहको निर्वाचनमा सोही पदमा उम्मेदवारी दिने बताइएको छ।

पिपरा गापामा २०७४ मा लोसपा नेपालकै विनोदकुमार चौधरी निर्वाचित भएकामा उनको कार्यकाल नसकिँदै मृत्यु भएपछि २०७६ मा भएको उपनिर्वाचनमा तत्कालीन (नेकपा माओवादी केन्द्र र नेकपा एमाले) मिलेर बनेको नेकपा एकीकृतबाट विक्रम चौधरी निर्वाचित भएका थिए। उनी अहिले नेकपा एमालेबाट उम्मेदवार बन्ने चर्चा छ।

आसन्न स्थानीय तहको निर्वाचनका लागि महोत्तरी जिल्लामा तीन लाख ३६ हजार ९५ मतदाता, २५८ मतदानस्थल र ४९७ मतदान केन्द्र कायम भएको छ। सबैभन्दा बढी बर्दिवास नगरपालिकामा २८ मतदान स्थल, ५८ मतदान केन्द्र र ४४ हजार ४६० मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। त्यस्तै सबैभन्दा कम जिल्लाको महोत्तरी गाउँपालिकामा १२ मतदानस्थल, २२ मतदान केन्द्र र १७ हजार ४३६ मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी सुबोधकुमार महतोले जानकारी दिए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# जनताका घरदैलामा न्यायिक समिति, सक्षम र सुदृढ बनाउन जोड

–श्याम रिमाल र वासुदेव पौडेल

काठमाडौं/गण्डकी, १५ चैत/रासस

न्यायिक समितिको राष्ट्रिय सम्मेलन–२०७८ को उद्घाटन समारोहमा प्रदेश प्रमुख, मुख्यमन्त्री, पुनरावेदन उच्च अदालतका मुख्य न्यायाधीशलगायत प्रायः सबै अतिथिले स्थानीय तहका उपाध्यक्ष एवं उपप्रमुखलाई आगामी निर्वाचनमा उपल्लोस्तरमा निर्वाचित हुन शुभकामना दिंदा सहभागी कतिले ताली बजाए भने कतिपय प्रफुल्ल देखिन्थे। हालका स्थानीय गाउँपालिका वा नगरपालिकामा निर्वाचित जनप्रतिनिधिमध्ये दोस्रो मर्यादामा रहने उपाध्यक्ष वा उपप्रमुखहरू आआफ्ना दलले टिकट दिएमा अध्यक्ष वा प्रमुखका दर्जामा निर्वाचित हुने अवसर आगामी वैशाख ३० गते हुने निर्वाचनले दिन सक्ने हुनाले उत्साहित देखिन्थे। नेपालका ७५३ स्थानीय तहमध्ये अधिकांशमा अध्यक्ष वा प्रमुखमा पुरुष र उपाध्यक्ष वा उपप्रमुखमा महिला नै निर्वाचित भएका छन् । उम्मेदवारी दिंदा नै अधिकांश दलले प्रमुखमा पुरुष र उपप्रमुखमा महिला उठाएकाले उपप्रमुख बन्नेहरू महिला नै हुन पुगेका छन् । महिलाहरूले समिति वा अन्य कामकारबाईबाट पाँच वर्षे अनुभव पाएकाले प्रमुखका लागि दाबेदार भएको समाचार सञ्चारमाध्यमहरूमा आइसकेको छ ।

वेदकोट नगरपालिका, कञ्चनपुरका उपप्रमुख सुशीला सिंह नगर प्रमुख पदको दाबेदार हुन् जो पार्टी निर्णयको प्रतीक्षामा छिन् । उनले अधिकांश साँध–सिमाना, जग्गा, घरायसी विवादसम्बन्धी मुद्दा हेरेकी थिइन्। हालसम्म कुल १८० मुद्दा फछर्याेट गरेको र विवाद अन्य मेलमिलापबाट टुङ्ग्याएकी छन् । समितिलाई आर्थिक व्यवस्थापनमा समस्या औंल्याउँदै उनी पीडितलाई न्यायको ढोकासम्म पुर्‍याउन आर्थिक स्रोत आवश्यक रहेको बताउँछिन् । भौतिक पूर्वाधारको अभावमा इजलास बनाउन नसकिएको उनको स्वीकारोक्ति छ । नगरप्रमुख पदका अर्का दाबेदार पाँचखपन नगरपालिका, संखुवासभाका उपप्रमुख भीमादेवी राई पनि हुन् । अधिकांश लेनदेन, सामुदायिक सम्पत्ति र व्यक्तिबीच विवाद अन्त्य गरिएको तर पक्ष र विपक्षले राजनीतिक आग्रह–पूर्वाग्रहको नजरले हेरेको स्विकार्छिन् । रु २५ लाखभन्दा तलका मात्र मुद्दा मात्र हेर्नुपर्ने अवस्था भए पनि कतिपय सोभन्दा माथिका पनि आउने गरेको जानकारी उनले दिइन्। "जनताका अपेक्षा बढी नै हुने गरेको छ"–उनले भनिन् ।

'नेपालको संविधान'मा पहिलोपटक स्थानीय तहको व्यवस्था भएको र पहिलो पटक नै उपाध्यक्ष वा उपप्रमुखलाई न्यायिक समितिको संयोजक तोकिएको छ । नेपालको संविधानको भाग १७ अन्तर्गत 'स्थानीय कार्यपालिका' शीर्षकको धारा २१७ मा कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय समिति रहने र दुई सदस्य गाउँ वा नगरसभाबाट निर्वाचितमध्ये दुई सदस्य रहने स्पष्ट उल्लेख छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि समितिलाई जनताका दैनिक जीवनमा आइपर्ने विवादको निरूपण मेलमिलापका माध्यमबाट गर्ने अधिकार प्रदान गरेकोले यसको विशिष्ट महत्त्व छँदैछ । नागरिकलाई छिटो र



उद्घाटन समारोहमा मुख्यमन्त्री पोखरेल । तस्वीरः रासस

सुलभ सेवा प्रदान गर्नु राज्यको दायित्व हो भन्ने सिद्धान्त आत्मसात् गरी समितिमार्फत स्थानीयस्तरमा विवाद समाधानको यस्तो वैकल्पिक उपाय अवलम्बन गरिएको हो ।

स्थानीय विवाद निरूपणमा उजुरी दर्तापूर्वको परामर्श, अलग इजलासको स्थापना, विषयविज्ञको आमन्त्रणलगायत जिल्ला प्रशासन, प्रहरी कार्यालय तथा अदालतजस्ता सरोकार पक्षसँग समन्वय गरी न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाइएको छ । ऐन अनुसार समितिले इजलास र मेलमिलापकर्ता सूचीकृत गरी विवाद समाधान तथा न्यायिक निरूपण गरी नागरिकलाई शीघ्र न्यायको अनुभूति गराउने गरी न्यायिक अभ्यास शुरू गरिएको छ तर अशक्त वा अपाङ्गता भएकाको संरक्षण र हेरचाहको व्यवस्था न्यायिक समितिको अधिकार क्षेत्रभित्र नपर्ने हुनाले कमजोर वर्गले न्याय पाउन अदालत नै पुग्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको पोखरा महानगरपालिका न्यायिक समितिका संयोजक मञ्जुदेवी गुरुङ बताउँछिन् । उनका अनुसार वडास्तरका जनप्रतिनिधिको भूमिकालाई पनि ऐनले नसमेटेको र शान्ति सुरक्षाका लागि स्थानीय प्रशासनमा पेश हुने निवेदन पनि समितिमा फिर्ता भई आउने हुँदा न्याय दिने निकायबारे दुविधा रहेको र पीडित न्यायका लागि भौंतारिएको अवस्था छ ।

पहिलोपटक राष्ट्र प्रमुखको प्रमुख आतिथ्यमा पोखरा महानगरपालिकाका आयोजनामा 'सरल र जनमुखी न्यायिक शुद्धता, हाम्रो प्रतिबद्धता' नाराका साथ उपाध्यक्ष/उपप्रमुख सहभागी न्यायिक समिति सम्मेलन यही चैत १४ गते सम्पन्न भएको हो । उद्घाटनका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले न्याय माग्न आउने पक्षलाई न्याय पाएको अनुभूति दिलाउनु तथा दोषीलाई दण्ड दिन सक्नु सामान्य विषय नभएको जनाउँदै यस्तो गहन जिम्मेवारी वहन गर्दै पाँच वर्षको कार्यकालमा उपाध्यक्ष/उपप्रमुखहरू अझ अनुभवी र आत्मविश्वासले पूर्ण बनेको स्पष्ट गरेकाले पनि उनीहरूलाई उपल्लोस्तरमा जान ढाडस मिलेको हुनुपर्छ।

"जनताको घरदैलोमा न्याय सम्पादन हुने अवस्था निर्माण गर्नु लोकतान्त्रिक शासन प्रणालीको प्रमुख उद्देश्य हो । प्राचीनकालमा हाम्रो समाजले अवलम्बन गरेका कचहरी, न्यायाधिकरण र दण्ड प्रणालीबाट समेत स्थानीय तहको न्यायिक समिति अभिप्रेरित छ। त्यसैले तपाईंहरू हाम्रो लोकतन्त्र र सभ्यताको पनि वास्तविक वाहक बन्नुभएको छ"–राष्ट्रपतिले भनिन्–"यस प्रकारको संवैधानिक व्यवस्थाबाट न्याय प्राप्तिमा महिला, विपन्न, दलितलगायत सीमान्तकृत समुदायका साथै आमजनताको पहुँच बढ्न गएको छ भन्ने मैले विश्वास लिएकी छु ।" उनले समितिलाई विवाद निरूपण गर्दा राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिकलगायत विभिन्न व्यक्तिगत वा संस्थागत दबाब, चुनौती, निर्देशन एवं असहयोग आउन नदिन सचेत भई निडरतापूर्वक कार्यसम्पादन गर्न आग्रह गर्दै आफ्ना कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने मानवीय तथा भौतिक पूर्वाधारसहित यथेष्ठ स्रोतको व्यवस्थापन गर्न सम्बद्ध पक्षको पनि ध्यानाकर्षण गराइन् ।

राष्ट्रपतिकै भावना अनुसार समितिलाई प्रदत्त अधिकार प्रयोगको शुरूआती अवस्था, कार्यान्वयनमा लैजान आवश्यक कार्यविधिगत कानूनको कमी र दक्ष जनशक्तिको न्यूनतालगायत कारण कार्य सम्पादनमा जटिलता जनाउँदै सम्मेलनले जारी गरेको १४ बुँदे 'पोखरा घोषणापत्र'मा समितिको कामकारबाई प्रभावकारी बनाउन कानून अधिकृत वा सोसरहको स्थायी दरबन्दी एवं पदपूर्तिको व्यवस्थाका लागि सङ्घीय सरकारसमक्ष माग गरेको छ ।

प्रदेश प्रमुख पृथ्वीमान गुरुङले समितिमार्फत सिंहदरबारको अधिकार गाउँ वा नगरले पाएको तथा ज्येष्ठ नागरिक र अशक्तको न्यायमा पहुँच बढेकोमा सन्तोष व्यक्त गर्दै विनापूर्वाग्रह निष्पक्ष र निर्भय भएर न्याय दिन समितिलाई आग्रह गरे । समितिलाई सक्षम र सबल बनाउन आवश्यक विषयगत तालीमको आवश्यकता पनि औंल्याए । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली समितिको कामकारबाई नै सङ्घीयताको राम्रो उदाहरण दिन सक्ने अवसर भएको जनाउँदै यसका सदस्य एवं सम्बन्धितलाई आवश्यक तालीम, संयन्त्र र पूर्वाधारको विकासका लागि ध्यानाकर्षण गराउँछन्। गुल्मी दरबार गाउँपालिका न्यायिक समिति सदस्य शिव गौतमले आफ्नो समितिले हालसम्म ७० भन्दा बढी मुद्दा निरूपण गरेको जानकारी दिंदै कतिपय मुद्दा सहजीकरण गरी पठाउने गरिएको बताए । समितिको साधनस्रोत एवं सेवा सुविधा बढाउन तथा पदाधिकारीलाई ६ महीनाको तालीम दिन उनले पनि आग्रह गरे। बगनासकाली गाउँपालिका पाल्पाका न्यायिक समिति सदस्य कुलप्रसाद ढुङ्गाना पनि न्याय निरूपणसम्बन्धी तालीमको अभाव भएको स्वीकार गर्छन् । उनी संलग्न समितिले हालसम्म ६० भन्दा बढी मुद्दा निरूपण गरिसकेको छ। सो अनुसार आव २०७४–७५ मा १४, २०७५–०७६ मा १९, २०७६–०७७ मा ११, ०७७–०७८ मा ६ र ०७८–०७९ मा १० विवाद समाधान भएको छ। समिति पूर्वाग्रही नभए पनि दलगत आग्रह–पूर्वाग्रहबाट हेर्ने समस्या रहेको स्विकार्दै उनी सदस्यको योग्यतामा सुधार आवश्यक रहेको ठान्छन्।

खत्याड गाउँपालिका, मुगुका न्यायिक समिति सदस्य बालकृष्ण दाहाल यस वर्ष मात्रै ४६ मुद्दा निरूपण भएकोमा तीनवटामा मात्रै निर्णय र बाँकी मेलमिलापबाटै भएकोमा गर्व गर्छन् । गाउँका भद्रभलाद्मीबाट अधिकांश विषय मिलाउने गरिएकोमा केही वर्ष यता प्रहरी चौकीबाट पनि मिलाउने गरिएको जनाउँदै उनी समितिको क्षमता अभिवृद्धिसँगै कर्मचारी एवं भौतिक व्यवस्थापनलाई पनि प्रभावकारी बनाउनुपर्ने सुझाव दिन्छन्।

पोखरा महानगरपालिकाका उपप्रमुख गुरुङले 'न्यायिक समितिः अभ्यास, चुनौती र अवसरहरू' शीर्षक कार्यपत्रमार्फत उठाएकै विषय पोखरा घोषणापत्रले समेटेको छ । दोहोरो क्षेत्राधिकारको प्रयोग, म्याद तामेली प्रक्रिया, प्रमाण बुझ्ने र आदेश गर्ने प्रक्रिया, निर्णय तथा मिलापत्र लेखनमा समस्या, निर्णय वा फैसला कार्यान्वयनमा चुनौती, मेलमिलापकर्ताको न्यून दक्षता र क्रियाशीलताजस्ता विषय कार्यपत्रमा छन् ।

सम्मेलनले न्यायिक समिति महासङ्घ गठन गरी सोमार्फत आगामी दिनमा समितिका अनुभव साझेदारी गर्ने तथा संविधान र ऐनको प्रभावकारी कार्यान्वयन गर्ने सिलसिलामा आयोजक संस्था पोखरा न्यायिक समितिका संयोजक गुरुङको संयोजकत्वमा महासङ्घ गठन गरेको छ ।

सम्मेलनले समितिका कामलाई प्रभावकारी बनाउन ऐनमा रहेका विभिन्न प्रावधान परिमार्जन गर्न माग गरेको छ।

(बाँकी चौथो पातामा)



भारत, उत्तरप्रदेश राज्यको अयोध्यास्थित सरयूघाटमा स्नान गर्दै भक्तजन । तस्वीर: राजेश मिश्र

# कागज उद्योग र कोरोगेटेड बक्स उद्योगीबीच किन बढ्यो विवाद ?

काठमाडौं, १५ चैत/रासस

चाउचाउ, बिस्कुट, खाद्य पदार्थ तथा कार्गोमा प्रयोग हुने कोमल खालको कागज उत्पादनमा नेपाल आत्मनिर्भर भए पनि त्यससँग आश्रित उद्योगले भने सधैं कच्चा पदार्थको अभावमा सङ्कट झेल्नुपरेको छ।

कच्चा तथा एकपटक प्रयोग भइसकेको कागज पेलेर बनाइने त्यस्ता कागज उत्पादनमा नेपालले ठूलो प्रगति गरेको भए पनि व्यावसायिकरूपमा स्वार्थ बाझिंदा कागज उत्पादक र कोरगेटेड बक्स व्यवसायीबीच विवाद देखा परेको छ।

नेपालका कागज उत्पादक उद्योगले नेपाली व्यवसायीलाई भन्दा भारत निर्यात गर्दा बढी सुरक्षित ठानेका कारण आफूहरू समस्यामा परेको नेपाल कोरोगेटेड बक्स व्यवसायी सङ्घले गुनासो गरेको छ।

एकातिर बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव छ । चाहेको बेला कर्जा नपाउँदा समस्या भोगेका व्यवसायीले चाहेको कच्चा पदार्थ नपाउँदा उस्तै जटिलता भोगेका छन् । लामो समयसम्म कोरोना कहरका कारण समस्यामा परेका व्यवसायी आवश्यकता अनुसार कच्चा पदार्थ पाउन नसक्दा थप समस्यामा परेको नेपाल कोरोगेटेड बक्स व्यवसायी सङ्घका वरिष्ठ उपाध्यक्ष राजेश श्रेष्ठले जानकारी दिए।

उनका अनुसार राज्यका तर्फबाट पाउनुपर्ने सुविधा प्राप्त हुन नसक्दा ठूलो समस्या परेको छ । कार्टुन तथा बक्स उत्पादन गर्दै आएका नेपाली व्यवसायीलाई भन्दा कागज उद्योगले भारत निकासी गर्दा बढी फाइदा हुने ठानेका कारण आफूहरूले कच्चा पदार्थ नपाएको वरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाइ छ।

सरकारले सहजीकरण गर्ने ठाउँमा पनि उद्योगीले दुःख पाएको उनको भनाइ छ । विभिन्न छवटा कागज उद्योगले नेपालमा कागज उत्पादन गर्दै आएका छन्। मारुती पेपर मिल, अरिहन्त पेपर मिल, सनराइज पेपर मिल, क्वालिटी पेपर मिल, अरविन्द पेपर मिल र लुम्बिनी पेपर मिलले कागज उत्पादन गर्छन् । विशेषगरी एकपटक प्रयोग भइसकेको कागजबाट उत्पादन हुने कोरोगेटेड कागजको माग नेपालमा बढी छ । विभिन्न विद्युतीय सामग्री, कार्गो सामानमा प्रयोग हुने कागजदेखि ल्यापटप, मोबाइलसम्ममा प्रयोग हुने कागज नेपालमैं उत्पादन हुन्छ।

नेपालका लागि आवश्यक कच्चा पदार्थ यहीं उपलब्ध छ । नेपालभित्रै सङ्कलन हुने पुरानो कागजको अनधिकृत चोरी निकासी पनि जारी छ। सस्तो मूल्यमा ठूलो मात्रामा निकासी भइरहेको कागजात नेपाल कोरोगेटेड बक्स व्यवसायी सङ्घको पहलमा रोकिएको वरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाइ छ । "विभिन्न बहाना वा बिचौलियाले कमाऊन् भन्ने चाहनाले नेपालको रिसाइक्लिन कच्चा पदार्थ चोरी निकासी गरी सस्तो मूल्यमा भारत निर्यात हुने गरेको छ"–उनले भने।

भारत पुग्ने कच्चा कागज प्रशोधन भएपछि पुनः महँगो मूल्यमा भारतबाट भन्सार तिरेर नेपाल भित्र्याउनुपरेको छ। नेपालबाट चोरी निकासी हुने कच्चा कागजको निकासी रोकिएको भए पनि सरकारले भन्सार नाकामा थप कडाइ गर्नु आवश्यक रहेको वरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाइ छ। बक्स तथा कार्टुन उद्योगले प्रत्यक्ष १५ हजारजनालाई देशभित्रै रोजगार दिएको छ । सो उद्योगमा झन्डै रु सात अर्ब बराबरको लगानी भएको छ। देशभित्र १५० वटा यस्ता उद्योग सञ्चालनमा छन्। त्यसमध्ये दुई दर्जन बढी उद्योग काठमाडौं उपत्यकामा मात्रै छन् । उद्योगले ठूलो मात्रामा राजस्वसमेत सरकारलाई बुझाइरहेको छ।

कचचा कागत सङ्कलन गर्नेले प्रतिकिलो रु चारदेखि पाँचमा स्रोतबाट खरीद गरेर ल्याउने कागज तथा काठमाडौं उपत्यकामा सङ्कलन हुने फोहरबाट नै अत्यावश्यक कागज बन्न पुग्छ। नेपालका कागज उद्योगमा आश्रित रहेका बक्स तथा कार्टुन उद्योगलाई राज्यले पनि संरक्षण गर्नुपर्ने वरिष्ठ उपाध्यक्ष श्रेष्ठको आग्रह छ । पछिल्लो एक महीनादेखि आफूहरूले समस्या भोग्नुपरेको र समाधानका लागि कोही कसैले पनि पहल नगरेको उनको गुनासो छ।

कुल १०० देखि १८० ग्रामका कार्टुन तथा बक्स उत्पादन गर्ने उद्योगले नेपालका लागि आवश्यक पर्ने कागज उत्पादन गर्छन्। एउटा बक्स वा कार्टुनमा प्रयोग हुने कागजको मूल्य न्यूनतम रु २० देखि अधिकतम रु १५० सम्म पर्न जान्छ। आफूहरूले नेपालमा उत्पादन हुने कागजको उपभोग नेपालमैं होस् भन्ने अपेक्षा गरेपनि त्यसको सुनुवाइ नभएको बताउँदै श्रेष्ठले भारतबाट कच्चा पदार्थ आयात गरेर उद्योग चलाउन सक्ने अवस्था आएको जानकारी दिए।

दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन मातहत रहेको साफ्टा सुविधाको उपयोग गर्दै नेपालका कागज उद्योगले बक्स तथा कार्टुन उद्योगलाई सामान नदिई भारत निकासी गर्ने गरेका छन्। नेपालमैं सामान खपत हुने अवस्था रहँदारहँदै भारत निकासी नगर्न आग्रह गरेपनि त्यसको सुनुवाइ नहुँदा उद्योग सञ्चालन गर्न समस्या भएको वरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाइ छ । त्यसो त बक्स तथा कार्टुन उद्योगमा प्रयोग हुने कागजको मूल्यमा समेत अत्यधिक वृद्धि भएको छ । दुई वर्ष पहिले प्रतिकिलो रु ३७ मा पाइने कागज हाल न्यूनतम रु ६५ बराबर पुगेको छ । बैंक ऋणमा चलेका व्यवसायलाई ब्याजले चाप्दै गएको हुन्छ। चर्को ब्याजमा ऋण लिएर सञ्चालन भएका उद्योगले बैंकको ऋण घटाउन सक्ने स्थिति भने छैन । व्यवसाय सञ्चालनलाई राज्यले सस्तो ब्याज उपलब्ध गराउने व्यवस्था लागू गर्न आवश्यक रहेको वरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाइ छ।

पछिल्लो दुई दशकदेखि कार्टुन बक्स उद्योग सञ्चालन गर्दै आएका सफल व्यवसायीसमेत अहिले सङ्कट झेल्न बाध्य भएको उनीहरूको भनाइ छ । ठूलो मात्रामा कार्टुन खपत गर्ने उद्योगमासमेत अहिले थोरै कार्टुन खपत हुने अवस्था छ। कोरोनाका कारण परेको सङ्कट सहज बन्दै गएको भए पनि पछिल्लोपटक तरलता सङ्कटले झनै समस्या पारेको छ । नाम चलेका उद्योगले तरलता सहज हुँदा नगदमा कारोबार गर्दै आएको भए पनि हाल उधारोमा कारोबार गर्न बाध्य छन्। करोडौं लगानी भएको उद्योग सजिलै छाड्न पनि नसकिने, चलाउन पनि नसकिने अवस्थामा पुगेको छ । घाटाको व्यापार गरेर कागज कार्टुन बक्स व्यापारबाट पलायन हुने अवस्थामा पुगेका छौं।

उद्योगमैत्री ऐन तथा कानून निर्माण हुनुपर्ने कुरामा जोड दिंदै उनले हेर्दा सानो देखिए पनि उद्योग सञ्चालन गर्न सहज छैन। चम्पादेवी प्रिन्टिङ एन्ड प्याकेजिङ उद्योग सञ्चालन गर्दै आएका भीमबहादुर खत्री, दर्पण प्रिन्टिङ एन्ड प्याकेजिङ उद्योगका सञ्चालक राजु पोखरेलको गुनासो पनि श्रेष्ठको जस्तै छ। देशभित्र कागज नपाउने हो भने बाहिरबाट आयात गर्दा लाग्ने भन्सारलगायत शुल्क छुट हुनुपर्ने उनीहरूको भनाइ छ। बजारमा एकातिर कच्चा पदार्थको अभाव छ भने अर्कोतर्फ अस्वस्थ प्रतिस्पर्धा, तरलताको सङ्कटका कारण समस्या छ।

नेपाल–भारतमा हुने फोहरजन्य कागजको निकासीमा रोकथाम र अनधिकृत निकासीमा पूर्ण प्रतिबन्ध लगाउनुपर्ने उनीहरूको माग छ।

यसबारे जानकारी लिन कागज उद्योगका सञ्चालकसँग पटक–पटक सम्पर्क गर्ने प्रयास गर्दासमेत उपलब्ध हुन सकेनन्।

# आयुर्वेदको गौरव-गरिमा

**जीवेम शरदः शतम्**

**वनौषधि विज्ञानसम्मत र उपयोगी पनि**

प्राणी तथा वृक्ष वनस्पतिहरूको जीवनदाता सूर्यलाई मानिन्छ । प्रकाश किरणको अभावमा रुख–बिरुवाहरूमा प्रकाश संश्लेषणको प्रक्रिया अवरुद्ध भएर ती पहेँलिएर झर्न थाल्छन् । उपयुक्त चिस्यान र खाद्य सामग्रीका साथै सूर्यको तापको पर्याप्त मात्रा पाइरहे तिनको नयनाभिराम हरियालीले मन आल्हादित हुन्छ । वनस्पति जगत्‌मा सूर्यको यो प्रत्यक्ष प्रभाव हो । अन्याय ग्रह–नक्षत्र पनि आफ्नो सूक्ष्म प्रभावले यिनलाई प्रभावित गरिरहन्छन् । सूर्यपछि चन्द्रमाको यीमाथि बढी प्रभाव पर्छ । यही कारण हो कि वनौषधि विज्ञानका ज्ञाता–विशेषज्ञ जडी–बुटीहरूको रोपण एवं तिनको सङ्ग्रहण कुनै विशेष तिथि–नक्षत्रमा गर्दछन् । यस समयविशेषमा तिनको गुणमा वृद्धि भएको हुन्छ साथै ती पूर्ण परिपक्व पनि भइसकेका हुन्छन् ।

मूर्धन्य वैज्ञानिक डेविड काम्बेले आफ्नो प्रसिद्ध पुस्तक 'द मैजिक अफ हर्ब्स' मा लेखेका छन् कि वनौषधिहरूको ज्योतिर्विज्ञानसँग सोझो सम्बन्ध छ । यिनीहरूमाथि ग्रह–नक्षत्रहरूको प्रभाव कसरी पर्दछ भन्ने जान्नका लागि 'एस्ट्रोहर्बल मेडिसिन' को इतिहास अध्ययन गर्नु आवश्यक छ । वनौषधि विज्ञानका प्रणेता महर्षि चरकलाई मानिन्छ । उनले प्रत्येक जडीबुटीको गहन अध्ययन गरे र गुण धर्मको आधारमा तिनको वर्गीकरण गरे । पाश्चात्य वैज्ञानिकहरूमा एस्ट्रोलाजिकल हर्बेलिस्टको रूपमा निकोलस कल्पिपर बढी विख्यात छन् । उनको जन्म सन् १६१६ मा एउटा पादरी परिवारमा भयो । क्याम्ब्रिज विश्वविद्यालयबाट उनले चिकित्सा विज्ञानको शिक्षा प्राप्त गरे, तर राष्ट्रिय सङ्घर्षको क्रममा पार्लियामेन्टमा अत्यधिक व्यस्तताका कारण मुटु एवं क्षय रोगबाट ग्रस्त भए । यसैबीच उनले ज्योतिर्विज्ञानको अध्ययन गरे र तदनुरूप जडीबुटी चिकित्सा आरम्भ गरे । स्वस्थ भएपछि आफ्नो अनुभवको आधारमा उपचार गर्न थाले, जसले गर्दा उनीकहाँ रोगीहरूको भीड जम्मा भइरहन्थ्यो । आफ्नो अनुभवलाई उनले 'कल्पिपर हर्बल्स' नामक प्रसिद्ध पुस्तकमा लिपिबद्ध गरे । आज पनि यो पुस्तक आफ्नो विषयको प्रामाणिक कृति मानिन्छ । उनको स्मृतिमा लन्दनमा कल्पिपर हाउस नामक भवनमा 'सोसायटी अफ हर्बेलिस्ट' काम गरिरहेको छ । यस संस्थाको मान्यता छ कि वैज्ञानिकहरूद्वारा आविष्कृत नयाँनयाँ औषधिहरूको अपेक्षा प्राकृतिक वातावरणमा पाइने वनौषधिहरू कहीं बढी उपयोगी, लाभकारी र सस्तो हुन्छ । आवश्यकता यति मात्र छ कि सही समयमा उपयुक्त स्थलबाट मात्र तिनको चयन गरियोस् ।

पन्ध्रौं शताब्दीका प्रख्यात चिकित्साविद मार्सेलो फिक्नेले आफ्नो पुस्तक 'लिबर्टी विटा' मा बताएका छन् कि जसरी विभिन्न राशि र ग्रह–नक्षत्रहरूको प्रभाव मानवी कायाका विभिन्न भागहरूमा पर्दछ, त्यसैगरी रुखबिरुवा पनि यसबाट प्रभावित हुन्छन् । हेपोक्रेटस गेलेन तथा रेनोसाँ आदिको यो मान्यता थियो कि प्रत्येक वनौषधि चिकित्सकलाई ज्योतिर्विज्ञानको विधिवत् ज्ञान हुनु आवश्यक छ । इङ्ल्यान्डका वनौषधि शास्त्री डा कैरिचर तथा जर्मनीका प्रांकको पनि यही मान्यता छ । इङ्ल्यान्डका राबर्ट टर्नरले 'बेटानोलाजिया' नामक चिकित्सा विज्ञानको शाखा विस्तार गरेका छन् । चिकित्सा विशेषज्ञहरूले अन्तर्ग्रहीय प्रभावको शारीरिक क्रियाहरू एवं वनौषधिहरूमाथि हुने असरको अनेकौं प्रयोगको सङ्कलन 'एस्ट्रोलाजिकल करेस्पोन्डेन्स' को रूपमा गरेका छन्, जसमा विभिन्न रोगका लागि पृथकपृथक वनौषधिहरूको ग्रह–नक्षत्रको स्थिति अनुरूप उपयोग गर्ने विधि बताइएको छ ।

यस सन्दर्भमा नार्थ बैस्टर्न युनिभर्सिटी, इसीनोटाका मूर्धन्य जीवविज्ञानी डा फ्रैंक ब्राउनले गरेको खोज बढी महत्त्वपूर्ण छ । उनले आफ्नो अनुसन्धानको निष्कर्षमा भनेका छन् कि मानिसबाहेक रुखबिरुवामा ग्रह नक्षत्रहरू–विशेषगरी चन्द्रकलाहरूको प्रभाव पर्दछ । आलुमा गरिएको एघार वर्षको गहन अध्ययनपश्चात् उनले पाए कि यसको विकासक्रम चन्द्रमाको घट्ने–बढ्ने कलासँग सम्बन्धित छ । अङ्कुरित आलुको काटिएका टुक्राहरूलाई प्रयोगशालाको नियन्त्रित वातावरणमा निश्चित तापमान र आर्द्रतामा राखेर त्यसभित्र रहेको पोषक तत्त्वको मेटाबोलिज्म तथा बिरुवाद्वारा आक्सिजनको खपतको स्थिति मापन गरियो । यस परीक्षणमा डा ब्राउनले पाए कि चयापचयमा चन्द्रकलाजस्तै उतार–चढाव थियो । चयापचय गति द्वितीयाको दिन सबभन्दा कम र चन्द्रमाको आकार तीनचौथाई भएको अवस्थामा आक्सिजनको खपत सबैभन्दा बढी हुन्छ । यस तथ्यको पुष्टि अन्य बिरुवाहरूमा गरिएको विभिन्न प्रयोग–परीक्षणबाट पनि भएको छ ।

> **कहीं यस्तो नहोस् कि वनौषधिहरूलाई झारफुकसँग जोडेर तिनको उपेक्षा गरिरहूँ र पछि 'योग'लाई 'योगा'को रूपमा आयात गरेजस्तै यस विधालाई पनि पाश्चात्य मुलुकहरूलाई सिकाउनुको साटो उनीहरूबाट सिक्ने विडम्बना अवलम्बन गर्नु परोस् !**

वस्तुतः जडीबुटीहरूको एउटा प्रौढ परिपक्वावस्था हुन्छ । त्यसैमा तिनका उपयोगी रसायन बढी मात्रामा भरिन्छ । काँचो अवस्थामा त्यसलाई काट्यो भने रसायन मुश्किलले आधा–चौथाई मात्रामा विकसित भएको हुन्छ । यही कुरा समय बितिसकेपछि पनि लागू हुन्छ, जब तिनको वृद्धावस्था आउँछ र प्रभावशक्ति समाप्त भइसकेको हुन्छ ।

हरियो धानको बोट पशुहरू निकै रुचिका साथ खान्छन्, र जसलाई खाने अवसर प्राप्त हुन्छ ती बलिया हुन्छन् । ठीक यसै प्रकार औषधिहरूको पनि एउटा जवानी अवस्था हुन्छ । धान पाकेर काटिसकेपछि डाँठको रूपमा जुन पराल हुन्छ, त्यसको खास केही उपयोग रहन्न । त्यसैगरी जडीबुटी जब पाकेर, तिनको बीउ पुष्ट भएर छरिन्छ अनि बुझ्नुपर्छ कि त्यो वयोवृद्ध वनस्पति चिहन–पुजाजस्तै भइसकेको छ ।

ज्योतिषमा वनस्पतिहरूको त्यस समयको निर्धारण गरिन्छ जब ती प्रौढ हुन्छन् । नक्षत्र विधाका ज्ञाता सजिलै बुझ्न सक्छन् कि कुन समय कुन वनस्पतिको गुण पूर्ण वा न्यून रहन्छ । यसै चिरपुरातन विधाको आधारमा आदिकालदेखि वनौषधिहरूको प्रयोग मानिस एवं जीवमात्रका लागि हुँदै आएको छ । अब समयक्रमका साथ उपचार प्रक्रिया कृत्रिम हुँदै गएको छ, जुन वातावरणका साथसाथै मानव–जीवनका लागि पनि हानिकारक छ । भनिन्छ इतिहासले आफूलाई दोहोर्‍याउँछ । आज पाश्चात्य जगत् जुन अत्याधुनिक प्रगति गरेर शीर्ष शिखरमा विराजमान छ, तनाव, उद्वेग, विक्षोभ–संक्षोभले पीडित छ । उसले त्राण पाउन फर्केर वनौषधि विज्ञानकै शरण लिनुपर्छ । फ्रान्स, जर्मनी, हंगरी, इङ्ल्यान्ड आदि देशहरूमा वनौषधिहरूको प्रचलन तीव्रताका साथ बढेको छ ।

यति मात्र होइन, तिनको ज्योतिर्विज्ञानका साथ विलक्षण सङ्गतिलाई अब विज्ञानसम्मत सिद्ध गरिसकिएको छ । यस्तो स्थितिमा के हाम्रो कर्तव्य हुँदैन कि हामी जुन यस प्राचीन विद्याका मूल प्रणेता हौं, यस चिकित्सा पद्धतिलाई अँगालेर लोकोपयोगी बनाउँ । कहीं यस्तो नहोस् कि वनौषधिहरूलाई झारफुकसँग जोडेर तिनको उपेक्षा गरिरहूँ र पछि 'योग'लाई 'योगा'को रूपमा आयात गरेजस्तै यस विधालाई पनि पाश्चात्य मुलुकहरूलाई सिकाउनुको साटो उनीहरूबाट सिक्ने विडम्बना अवलम्बन गर्नु परोस् !

# मोटरसाइकल दुर्घटनामा चार बालकको मृत्यु, एक घाइते

जनकपुर, १५ चैत/रासस

धनुषा जिल्लाको सबैलामा गए राति भएको मोटरसाइकल दुर्घटनामा चारजनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् । सबैला नगरपालिका–१२ बरकुर्वामा राति ८:३० बजेतिर ज६प ६७३९ नंको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार पाँचमध्ये चारजनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिए ।

दुर्घटनामा परी सबैला नगरपालिका–२ निवासी १५ वर्षीय राहुल यादव, १२ वर्षीय लक्ष्मी यादव, बौका भनिने विकास यादव र १४ वर्षीय सुमित यादव रहेको प्रहरीले जनाएको छ । दुर्घटनामा परी गम्भीर भएका घाइतेलाई उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पुऱ्याए पनि चारजनाको मृत्यु भएको प्रहरी नायब उपरीक्षक बस्नेतले बताए ।

सोही दुर्घटनामा सबैला–२ निवासी १९ वर्षीय सुरेन्द्र यादव पनि घाइते भएको र उनको प्रादेशिक अस्पतालमै उपचार भइरहेको प्रहरीले जनाएको छ । दुर्घटनाको कारण खुल्न नसकेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक बस्नेतले बताए ।

## जनताका घरदैलामा...

घोषणापत्रमा अधिकार क्षेत्र बाहिरका विषयमा ठाडो उजुरी प्रमुख वा अध्यक्षका आदेशमा दर्ता हुने अभ्यासले काममा दोहोरोपन, हस्तक्षेप र दबाब महसूस हुने गरेकोले एकद्वार प्रणालीमार्फत समितिबाट निर्धारित रीति र ढाँचाबमोजिम उजुरी दर्ता गर्ने तथा न्याय सम्पादन गर्नेगरी कानूनी प्रबन्ध गर्न ऐन संशोधनका लागि माग गरिएको छ । त्यस्तै स्थानीय तहमा बसाईंसराइ वा अन्य जिल्लाबाट आई व्यक्तिगत बसोवास गरेका व्यक्ति समितिसमक्ष पुग्न नसकेको जनाउँदै घोषणापत्रमा विपक्षी वा प्रतिवादी बसोवास गरेको वा निवेदकले बसोवास गरेको पालिकाबाट समितिको सेवा लिन सक्नेगरी ऐनमा परिमार्जन गर्न अनुरोध गरिएको छ ।

संविधानको अनुसूचीमा उल्लिखित 'अपाङ्गता र अशक्तको व्यवस्थापनको अधिकार' प्रचलन गर्ने कानूनी व्यवस्थाका लागि समितिको अधिकार क्षेत्रभित्र समावेश गर्न माग गरिएको छ । समितिबाट हुने न्यायिक निरूपणसम्बन्धी निर्णयको कार्यान्वयनमा चुनौती रहेकोले समितिका कुनै निर्णयमाथि कुनै पुनरावेदन परी वा नपरी अन्तिम किनारा भएका निर्णयको कार्यान्वयनलाई बाध्यकारी बनाउने व्यवस्था ऐनमा गर्न सरकारसमक्ष माग गरिएको छ । सबैला नगरपालिका धनुषा, न्यायिक समितिका सदस्य नीलुदेवी कापरले भनेझैं जनताले राहत महसूस गरेको समितिका कामकारबाईलाई सुदृढ गर्न सम्मेलनले स्थानीय तहमा महिला सहभागिता बढाउन आग्रह गरेको छ । "नेपालको संविधान समावेशी संविधान पनि हो । राज्यका राजनीतिक पदहरूमा कम्तीमा ३३ प्रतिशत महिलाहरूको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने संवैधानिक तथा कानूनी व्यवस्था छ । यस अवस्थामा आसन्न स्थानीय तह निर्वाचनमा प्रतिस्पर्धी राजनीतिक दलहरूले पालिकाहरूका प्रमुख पदाधिकारी पदमा ३३ प्रतिशत नघट्ने गरी उम्मेदवार बनाउन र विजयको सुनिश्चितताको प्रबन्ध गर्न राजनीतिक दलहरूसँग आग्रह गर्दछौं"– सम्मेलनले जारी गरेको घोषणापत्रको यो बाह्रौं बुँदा पनि यहाँ सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ ।

# पर्सागढी नपा–६ मा नेकाको घरदैलो कार्यक्रम

प्रस, पर्सागढी, १५ चैत/




नेपाली काङ्ग्रेसको पर्सागढी नगर पालिका–६ मा घरदैलो अभियान सम्पन्न भएको छ । 'घर–घर जाऔं, काङ्ग्रेसलाई जिताऔं' अभियान अन्तर्गत घरदैलो कार्यक्रम गरिएको थियो ।

वडाध्यक्ष किशोरीलाल यादवको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि नेका जिल्ला सभापति जनार्दनसिंह क्षेत्री, नगर प्रमुख लोकनारायण यादव, नगरउपप्रमुख अर्चना चौधरी, क्षेत्रीय सभापति सहाबुद्दीन आलम, जिल्ला उपसभापति मनोजकुमार गुप्ता, जिल्ला प्रतिनिधि नन्दकुमार यादव, नेविसङ्घ अध्यक्ष विकास तिवारी, वडाध्यक्ष किसुनदेवप्रसाद यादव, समसुद्दिन शाह देवानलगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा स्वागत अर्जुन गिरी र सञ्चालन पर्सागढी उपसभापति अच्छेलालप्रसाद यादवले गरेका थिए ।

# सर्लाहीमा करिब पाँच लाख मतदाता


सर्लाही, १५ चैत/रासस

जिल्लामा मतदाताको सङ्ख्या चार लाख ७४ हजार ४३९ पुगेको छ ।

तीमध्ये पुरुष दुई लाख ५७ हजार १३८ र महिला मतदाता दुई लाख १७ हजार २९२ रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

निर्वाचन अधिकृत दिवाकर भुजेलका अनुसार यसैगरी अन्य नौजना मतदाता रहेका छन् ।

जिल्लाको पालिकामा मतदानस्थल सङ्ख्या ३१८ र जम्मा मतदान केन्द्र सङ्ख्या ५९९ कायम रहेको उनले बताए । सबैभन्दा बढी बरहथवा नगरपालिका र सबैभन्दा कम पर्सा गाउँपालिकामा मतदाता सङ्ख्या रहेको छ । ती स्थानीय



तहमा क्रमशः ४३ हजार २०२ र १२ हजार ५२७ मतदाता सङ्ख्या रहेको कार्यालयले जनाएको छ ।

जिल्लाका सुरक्षा अधिकारीहरूले मतदानस्थल र केन्द्रहरूको स्थलगत अनुगमनसमेत गरेको प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले जानकारी दिए । यस जिल्लामा सबैभन्दा धेरै स्थानीय निकाय छन् ।

# फरक समाचार

## अमेरिकामा अर्बौंको सङ्ख्यामा लामखुट्टे छाडिँदै

संयुक्त राज्य अमेरिकाको दुई राज्यमा अर्बौंको सङ्ख्यामा जेनेटिकली मोडिफाइड भाले लामखुट्टे छाड्ने तयारी गरिँदैछ । फ्लोरिडा र क्यालिफोर्नियामा यी लामखुट्टे छाड्ने तयारी भइरहेको छ । देशको पर्यावरण संरक्षण एजेन्सीले लामखुट्टेसँग सम्बन्धित अक्सिटेक कम्पनीलाई पाइलट परियोजना सफल भएपछि अगाडिको प्रक्रिया गर्न स्वीकृति दिएको छ ।



युकेस्थित बायोटेक्नोलोजी कम्पनी अक्सिटेकले अर्बौं जेनेटिकली मोडिफाइड लामखुट्टे विकसित गरेको छ जसले रोग उत्पन्न गर्ने लामखुट्टेलाई मान्छेदेखि टाढा राख्न सक्छ । लामखुट्टे छाड्ने काम ब्रिटेनस्थित अक्सिटेक बायोटेक्नोलोजी कम्पनीले गर्दैछ । कम्पनीले अर्बौंको सङ्ख्यामा आनुवांशिकरूपबाट परिवर्तित भाले लामखुट्टेलाई पर्यावरणमा छाड्दैछ । यो भालेले लामखुट्टे पोथी लामखुट्टेसँग सम्पर्क गर्नेछ ।

पोथी लामखुट्टलाई अन्डा पार्नको लागि रगतको आवश्यकता पर्छ र यसैकारण यिनीहरूले मान्छेलाई टोक्ने गर्छन् । कम्पनीको भनाइ छ आनुवांशिकरूपबाट परिवर्तित भाले लामखुट्टेले टोक्दैन, यसले पोथी लामखुट्टेसँग सम्पर्क गरेर एउटा प्रोटिन निकाल्छ, त्यो आनुवंशिकरूपले परिवर्तित हुन्छ । प्रोटिनले पोथी लामखुट्टेलाई उमेरभन्दा पहिले अर्थात् मान्छेलाई टोक्नुभन्दा पहिले नै मारिदिन्छ ।

अक्सिटेक अनुसार यसको उद्देश्य डेंगु, जिका, पहेंलो ज्वरो र चिकनगुनियाजस्ता हानिकारक रोगमाथि नियन्त्रण गर्नु हो । कम्पनीद्वारा जारी तथ्याङ्कमा भनिएको छ क्यालिफोर्नियामा सन् २०१३ मा पहिलोपटक यस्ता रोग फैलाउने लामखुट्टे पत्ता लागेपछि राज्यको २० भन्दा बढी काउन्टीमा लामखुट्टे फैलिएको छ र जोखिम बढेको छ ।

यसको रोकथामको लागि दुईवटा पाइलट परियोजना स्वीकृत गरिएको छ । क्यालिफोर्नियामा डेल्टा मोस्किटो र भेक्टर कन्ट्रोल डिस्ट्रिक्ट र अर्को फ्लोरिडा किज मोस्किटो कन्ट्रोल डिस्ट्रिक्टले स्वीकृति पाएको छ ।

## गर्मीमा पसिनाको दुर्गन्ध कम गर्ने खानेकुरा

गर्मीमा शरीरबाट पसिना आउनु सामान्य कुरा हो तर यदि तपाईंको शरीरबाट बढी पसिना आउँछ र यो दुर्गन्धित पनि छ भने समस्या उत्पन्न गर्न सक्छ । गर्मीमा तातो हावा र सुक्खापनको कारण शरीरबाट बढी पसिना



निस्किन्छ ।

पसिनाको दुर्गन्धको कारण धेरैपटक बेइज्जत हुनुपर्छ । यसबाट बच्न थुप्रै प्रकारको परफ्युम अथवा सुगन्ध प्रयोग गर्छौं तर यसले धेरैबेरसम्म पसिनाको दुर्गन्ध रोक्न सक्दैन । तसर्थ पसिनाको दुर्गन्ध रोक्ने खानेकुरा सेवनबाट यस्तो समस्या कम पार्न सकिन्छ । डाइट क्लिनिक र डाक्टर हब क्लिनिककी डाइटिशियन अर्चना बत्राको सुझाव यस प्रकार छः–

**पानी:** पसिना कम गर्न दिनभरि बढी मात्रामा पानी सेवन गर्नुपर्छ । पानी बढी पिउँदा शरीरको तापमान नियन्त्रित रहन्छ र चीसोपन महसुस हुन्छ । साथै यसबाट निर्जलीकरणको समस्या हुँदैन र मुटु र उच्च रक्तचापको समस्या कम गर्न सकिन्छ । दिनभरि आठ गिलास पानी सेवन गर्दा फ्रेस महसुस हुन्छ । यदि तपाईंलाई बढी पसिना वा दुर्गन्धको समस्या छ भने चिया वा कफी सेवन गर्नु हुँदैन किनभने यसमा कैफिन हुन्छ । यसले शरीरको तापमान बढाउँछ र पसिना बढी निस्किन्छ ।

**दही वा कम चिल्लो भएको दूधः** क्याल्सियमले शरीरको तापमानलाई नियन्त्रित राख्न मदत गर्छ र पसिनाको दुर्गन्ध पनि कम गर्छ । यदि तपाई बिहान क्याल्सियम सेवन गर्नुहुन्छ भने आहारमा कम चिल्लो भएको दूध सामेल गर्नुपर्छ । यसको अलावा दही वा मोही पनि क्याल्सियमको राम्रो विकल्प हुन सक्छ । हाइ प्रोटिन भएको खानेकुरा पच्न बढी समय लाग्छ र यसले शरीरको तापमान पनि बढाउँछ ।

**मौसमी फल र तरकारीः** गर्मीमा थुप्रै मौसमी फल र तरकारी बजारमा पाइन्छ र यसमा भरपूर मात्रामा पानी हुन्छ र शरीरलाई हाइड्रेट राख्छ । तैलीय वस्तुको सट्टा खानामा तरकारी सेवन गर्दा शरीरको दुर्गन्ध कम गर्न सकिन्छ । यसको लागि लौका, रामतोरइ, काँक्रो, सलाद, सुन्तला, तरबुज, स्ट्रबेरी र अनारस सेवन गर्नुपर्छ । यसले प्राकृतिकरूपमा शरीरको दुर्गन्ध कम गर्छ ।

**ओलिभ आयलः** एन्टिअक्सिडेन्टले भरिपूर्ण हुन्छ र यसले पाचनतन्त्रलाई बढावा दिन्छ । साथै शरीरको तापमान र पसिनाको स्तरमाथि पनि नियन्त्रण राख्छ । ओलिभ आयल तरकारीमा प्रयोग गर्न सकिन्छ ।

**उच्च फाइबर भएको खानेकुराः** प्रोसेस्ड फूड पचाउन गाह्रो हुन्छ, यसलाई पचाउन शरीरले धेरै मेहनत गर्नुपर्छ । जसको कारण शरीरको तापमान बढ्छ र बढी पसिना आउँछ । पसिनाको दुर्गन्ध आउनुको कारण बढी बोसो भएको खाद्य पदार्थ पनि हुन सक्छ । यसैले भोजनमा कम चिल्लो भएको खानेकुरा समावेश गर्नुपर्छ । खानामा फाइबरयुक्त भोजन जस्तै सिङ्गो अनाज, सेतो पाउरोटी, दलिया खान सकिन्छ ।

**शरबतः** घर वा कार्यालयमा खाजा खान मन लाग्छ भने चटपटे, चाटको सट्टा शरबत खाने प्रयास गर्नुपर्छ । यसले शरीरलाई हाइड्रेट राख्छ । नरियलको पानी, फल र तरकारीको जूस सेवन गर्न सकिन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## युक्रेन र रूसबीच नयाँ चरणको शान्ति वार्ता हुँदै

कीभ, १५ चैत/एएनआई/सिन्हवा

युक्रेन र रूसले मङ्गलवार टर्कीको इस्तानबुल शहरमा अर्को चरणको शान्ति वार्ता शुरू गर्ने युक्रेनी सरकारद्वारा सञ्चालित युक्रेनफर्म समाचार एजेन्सीले सोमवार जनाएको छ।



वार्ता अघि रूसी तथा युक्रेनी वार्ताकारहरूलाई सम्बोधन गर्दै टर्कीका राष्ट्रपति तयिप इर्डोगन। फोटो : रायटर

स्थानीय समय अनुसार बिहान १०.३० बजे (०७३० GMT) शुरू हुने वार्ता अघि युक्रेनी र रूसी प्रतिनिधिमण्डलका सदस्यहरूले टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानसँग भेट गर्ने कार्यक्रम तय भएको पनि जनाइएको छ।

यस अघि सोमवार युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबाले टर्कीका विदेशमन्त्री मेभलुत काभुसोग्लुसँग टेलिफोन वार्ता गरेका थिए र बैठकको आयोजना गरेकोमा टर्कीको प्रशंसासमेत गरेका थिए।

"मलाई आशा छ टर्कीको मध्यस्थतामा जारी वार्ताहरूले युक्रेनको शान्ति र हाम्रो सुरक्षाको हितमा परिणाम ल्याउनेछ"–कुलेबाले ट्वीट गरेका छन्।

रूसी प्रतिनिधिमण्डल सोमवार इस्तानबुल आइपुगेको समाचारमा उल्लेख छ।

युक्रेनी र रूसी प्रतिनिधिमण्डलबीच प्रत्यक्ष वार्ताको तीन चरण पूरा भइसकेको छ। चौथो चरणको वार्ता भिडियो कन्फरेन्समार्फत भएको थियो। अब पाँचौं वार्ता हुँदैछ।

**टर्कीका राष्ट्रपति द्वारा रूस र युक्रेनलाई त्रासदी अन्त्य गर्न आग्रह**

इस्तानबुल/एएफपी

टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले मङ्गलवार इस्तानबुलमा वार्ताको आयोजना गर्दै रूसी र युक्रेनी प्रतिनिधिमण्डललाई यस त्रासदीको अन्त्य गर्न आग्रह गरेका छन्।

इस्तानबुलको डोल्माबासे दरबारमा आयोजित आमनेसामने वार्ताले युद्ध अन्त्य गर्ने अपेक्षा गरिएको छ। जारी द्वन्द्वमा २०,००० मानिस मारिएका छन् भने १० लाखभन्दा बढी विस्थापित भएका छन्।

सोमवार टर्की पुगेका दुई देशका प्रतिनिधिमण्डलले भिडियो कन्फरेन्सबाट धेरै चरणको वार्तापछि प्रत्यक्ष भेट गरेको यो पहिलोपटक हो।

"दुई पक्षको चासो छ, अन्तर्राष्ट्रिय समुदाय स्वीकार्य समाधानमा पुग्न सम्भव छ"–एर्डोगानले भने।

"यस त्रासदीको अन्त्य गर्ने दुई पक्षमा निर्भर छ"–उनले जोड दिदै भने–"द्वन्द्वको निरन्तरता कसैको हितमा छैन।"

टर्कीले मार्च १० मा युक्रेन र रूसी विदेशमन्त्रीहरूबीच पहिलो बैठक गत महीना युक्रेनमा आक्रमण भएपछि दक्षिणी टर्कीको शहर अन्टाल्यामा आयोजना गरेको थियो।

### रूस र युक्रेनबीच इस्तानबुलमा वार्ता शुरू

रूसी र युक्रेनी वार्ताकारहरूले मङ्गलवार बिहान १०:३० बजे (०७३० GMT) पछि इस्तानबुलमा आमनेसामने वार्ता शुरू गरेको टर्की समाचार एजेन्सीले जनाएको छ।

दुवै पक्षलाई टर्कीका राष्ट्रपति रेसेप तैयप एर्डोगानले स्वागत गरेका थिए।

राष्ट्रपति एर्डोगानले दुवै पक्षलाई युक्रेनमा गत फेब्रुअरी २४ मा रूसको आक्रमणबाट उत्पन्न त्रासदी अन्त्य गर्न आग्रह गरेका छन्।

## धेरै सवारी साधन एकै ठाउँमा दुर्घटना हुँदा तीनजनाको मृत्यु

वाशिंगटन, १५ चैत/सिन्हवा

अमेरिकाको अन्तरराज्य राजमार्गमा धेरै सवारी एकै ठाउँमा दुर्घटनामा हुँदा कम्तीमा तीनजनाको मृत्यु भएको छ।

देशको पेन्सिलभेनियामा सोमवार भएको दुर्घटनामा परी उनीहरूको मृत्यु भएको अधिकारीहरूले जानकारी दिएका छन्। स्थानीय समय अनुसार बिहान १०.३० बजे दुर्घटना भएको हो।

दुर्घटनामा कार, ट्रक, टयाक्टर लगायत झन्डै ६० वटा सवारी साधन परेका थिए। हिउँ आँधीका कारण दुर्घटना भएको अधिकारीहरूले जनाएका छन्।

सो दुर्घटनामा परी अरू २० जना घाइते भएका र उनीहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको समाचारमा जनाइएको छ। रासस

## जापानले कम्पनीहरूलाई रूबलमा कारोबार नगर्न आग्रह गर्ने

टोकियो, १५ चैत/एएनआई/स्पुतनिक

जापानी सरकारले रूसी तरल प्राकृतिक ग्याँस (एलएनजी) को लागि रूबलमा कारोबार नगर्न कम्पनीहरूलाई आग्रह गरिरहेको मुख्य क्याबिनेट सचिव हिरोकाजु मात्सुनोले पत्रकारहरूलाई बताएका छन्।

"अहिलेसम्म त्यस किसिमको कारोबार गर्नेबारे सूचना प्राप्त भएका छैनन्। त्यसो भए जापानी कम्पनीहरूसँग रूसबाट एलएनजीको आपूर्तिको लागि विद्यमान सम्झौताहरू रूबलमा रूपान्तरण गर्नुपर्ने आवश्यकता पर्नेछ। यद्यपि त्यस्ता मागहरू प्राप्त भएको छैन तर जापानी सरकार कम्पनीहरूलाई रूबलमा कारोबार गर्न सहमत नहुन आग्रह गर्न चाहन्छ"–उनले भनेका छन्। जारी रूस–युक्रेन द्वन्द्वले गर्दा रूस आफ्नै मुद्रालाई अन्तर्राष्ट्रिय मुद्राको रूपमा स्थापित गर्न गर्न चाहिरहेको छ। जसले गर्दा भुक्तानी रूबलमा गर्न उसको आग्रह छ। रासस

## छात्रालाई विद्यालय जान दिन युरोपेली सङ्घको माग

ब्रसेल्स, १५ चैत/एएनआई

छात्रालाई विद्यालय जान पाउने व्यवस्था गर्न युरोपेली सङ्घले अफगानिस्तानको तालिबानी सरकारसँग माग गरेको छ।

महिलालाई विद्यालय जान दिने तालिबानी सरकारको यस अघिको निर्णय तत्काल कार्यान्वयन गर्न माग पनि सङ्घले गरेको छ।

तालिबानी सरकारले यही मार्च २३ देखि छात्रालाई पनि विद्यालय जान दिने निर्णय गरेकोमा निर्णय कार्यान्वयन हुनु केही घण्टा अगाडि निर्णय निरस्त्र गरेको थियो। छात्राहरूलाई विद्यालय जान दिने तालिबानी सरकारको पहिलो निर्णयबाट खुशी भएकाहरू अहिले निराश भएका छन्। अन्तर्राष्ट्रिय समुदायले निर्णय कार्यान्वयन गर्न माग गर्दै विद्यालय जान पाउनु महिलाको आधारभूत अधिकार भएकोले मानव अधिकार नखोस्न आग्रह गरेका छन्।

अफगानिस्तानमा तत्कालीन विद्रोहीले सत्ता कब्जा गरेदेखि नै महिलालाई विद्यालय, रोजगार र सार्वजनिक स्थलमा जान नदिने नीति लिएको छ।

तालिबानी सरकारले आधारभूत मानव अधिकार पनि खोसेको भन्दै विश्वका धेरै देशले सहयोग रोक्का गर्दै सहकार्यका लागि आशङ्का व्यक्त गर्दै आएका छन्। उनीहरूले मानव अधिकार र लोकतान्त्रिक पद्धतिको सम्मान गरेमा मात्रै सहकार्य हुन सक्ने अन्यथा सहयोग प्रदान गर्न सकिने अडान राख्दै आएका छन्।

अन्तर्राष्ट्रिय समुदायको चासो र अडानप्रति तालिबानी सरकारका उच्च अधिकारीहरूले सहमति जनाउने गरेका छन्। उनीहरूले आधारभूत मानव अधिकार नखोसिने र अन्तर्राष्ट्रिय समुदायको चासो सम्बोधन गरिने प्रतिबद्धता जनाउने गरेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सफलता |
| मिथुन – अस्वस्थता | कर्कट – वादविवाद |
| सिंह – व्यापारवृद्धि | कन्या – अलमल |
| तुला – कार्यनाश | वृश्चिक – भयचिन्ता |
| धनु – मित्रमिलन | मकर – कान्तिक्षय |
| कुम्भ – सुयश | मीन – खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

दाइजोप्रथा गैरकानूनी हो,
यसको अन्त्य गरौं।

वीरगंज महानगरपालिका


## जिल्ला अधिकारी अशोक राष्ट्रपतिबाट सम्मानित

राजेश केसरीवाल, रक्सौल, १५ चैत/

भारतका राष्ट्रपति रामनाथ कोविदले बिहार राज्य, पूर्वी चम्पारणका जिल्ला अधिकारी शीर्षत कपिल अशोकलाई सम्मान गरेका छन्।



भारतीय राष्ट्रपति कोविदबाट सम्मान ग्रहण गर्दै जिल्ला अधिकारी अशोक।

राष्ट्रपति भवन नयाँ दिल्लीको विज्ञान भवनमा राष्ट्रपति कोविदले जल संरक्षण एवं प्रवर्द्धन क्षेत्रमा अनुकरणीय कार्य गरेबापत पूर्वी चम्पारणका जिल्ला अधिकारी अशोकलाई सम्मान गरेका हुन्। जिल्ला अधिकारी अशोकले लघु जल संसाधन विभाग, ग्रामीण विकास विभाग, पञ्चायती राज विभाग, पर्यावरण एवं वन विभाग, कृषि विभाग, ऊर्जा विभाग, नगर एवं विकास विभागलगायतको सहकार्यमा उदाहरणीय कार्य गरेका थिए।

उनले ५३३ जल संरचना अतिक्रमणमुक्त गराउनुका साथ १६३६ पोखरी, पैनी आदिको जीर्णोद्धार गरेका थिए। तीनवटा नदीको जीर्णोद्धार र सबै ग्राममा एउटा पोखरी कार्यक्रम अन्तर्गत ३३५ पोखरीको सौन्दर्यीकरण गरेका थिए। मोती झीलमा वाटर स्पोर्ट्स र २९० वटा सरकारी भवनमा रेनवाटर हार्भेस्टिङ तथा ग्रामीण क्षेत्रमा चापाकल, ठूलो सङ्ख्यामा शोकपिट बनाएका थिए। २९ लाख वृक्षारोपण र १६३२ फार्म कोड र तीनवटा ड्याम बनाएका थिए।

## सरकारद्वारा चीनले प्रस्ताव गरेका विभिन्न प्रस्ताव स्वीकृत

काठमाडौं, १५ चैत/रासस

नेपाल सरकारले जनवादी गणतन्त्र चीन सरकारले प्रस्ताव गरेको आर्थिक तथा प्राविधिक सहायता सम्झौता अन्तर्गत प्राप्त हुने अनुदान सहायता र सीमा वारपार रेलमार्ग सम्भाव्यता अध्ययनसम्बन्धी प्राविधिक सहायता स्वीकार गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को यही चैत १४ गते बसेको बैठकले गरेका निर्णयहरू आज सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले चीन सरकारसँग भएको नेपालमा तेल र ग्याँस स्रोत सर्वेक्षणसम्बन्धी कार्यान्वयन सम्झौताको दुई वर्ष समयावधि थप गर्ने निर्णय गरेको जानकारी दिए।

सञ्चार तथा सूचना मन्त्रालयमा आज आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्तासमेत रहेका मन्त्री कार्कीले नेपाल र चीनबीच शून्य भन्सार तथा कोटारहित सुविधासम्बन्धी आशयपत्र स्वीकृत गर्ने र नेपाल चीनबीच ग्रिड आबद्धताको सम्भाव्यता अध्ययनसम्बन्धी सम्झौता स्वीकृत गर्ने निर्णय गरेको बताए। मन्त्री कार्कीका अनुसार तिलौराकोट कपिलवस्तु क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने निर्णय गरिएको छ।

सरकारले कतारको राजधानी दोहामा यही चैत १२ र १३ मा सम्पन्न दोहा फोरमको २०औं संस्करणको सम्मेलनमा सहभागी राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेल नेतृत्वको टोलीको भ्रमण समर्थन गर्नाका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव तोयम रायाको यही चैत १८ देखि २७ गतेसम्मको भारत भ्रमण स्वीकृत गरेको छ।

सोमवारको मन्त्रिपरिषद्को बैठकले विभिन्न सरकारी निकायहरूमा नियुक्ति गरेको छ। नेपाल राजस्व परामर्श समितिको सदस्यमा लेखनाथ शर्मा पँगेनी र डा जीवन अंगाई, दुग्ध विकास संस्थानको महाप्रबन्धकमा सञ्जीव झालाई नियुक्त गर्ने निर्णय गरेको छ।

यस्तै राष्ट्रिय भूमि आयोगको सदस्यमा भैरवराज रेग्मी र नापी विभागका उपमहानिर्देशक करुणा केसीलाई तोकेको छ। लोक सेवा आयोग तथा न्याय सेवा आयोगको सिफारिशबमोजिम विभिन्न सेवा, समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरूलाई सम्बन्धित सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणीका पदहरूमा नियुक्त तथा पदस्थापन गर्ने निर्णय गर्नाका साथै नेपाल दूरसञ्चार प्राधिकरणको सदस्य नियुक्तिका लागि सिफारिश गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा सिफारिश समिति गठन गरिएको छ।

सरकारले जापानका लागि पूर्वराजदूत केदारभक्त माथेमालाई जापान सरकारबाट प्रदान गरिने सम्मान ग्रहण गर्न स्वीकृत दिने निर्णय गरेको छ। यस्तै चितवन इन्जिनीयरिङ क्याम्पस रामपुरलाई ब्याचलर अफ आर्टिटेक्चरमा विद्यार्थी सङ्ख्या २४ सहितको नयाँ कार्यक्रम अध्ययन–अध्यापन गराउन अस्थायी मान्यता प्रदान गरेको छ।

## शनिवारदेखि चल्ने भयो जनकपुरमा रेल

काठमाडौं, १५ चैत/रासस

निर्माण सम्पन्न भएको लामो समयसम्म पनि सञ्चालनमा आउन नसकेको जनकपुर–जयनगर रेलमार्गको यही चैत १९ गते शनिवार उद्घाटन हुने भएको छ। प्रधानमन्त्री शेरबहादुर देउवा र उनका भारतीय समकक्षी नरेन्द्र मोदीले संयुक्तरूपमा सो रेलमार्गको उद्घाटन गर्ने कार्यक्रम तय भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ।

दुवै देशका प्रधानमन्त्रीले नयाँ दिल्लीबाट संयुक्तरूपमा श्रव्य–दृश्य माध्यमबाट रेल सेवा उद्घाटन गर्न लागेको मन्त्रालयले जनाएको छ। जनकपुरमा आयोजना हुने कार्यक्रममा भने भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवको प्रमुख आतिथ्यता रहने रेल विभागका महानिर्देशक दीपकुमार भट्टराईले जानकारी दिए।

रेल सञ्चालनका लागि सरकारले यही चैत ८ गते अध्यादेशमार्फत आवश्यक कानूनी प्रबन्ध गरेको छ। विसं २०७५ मा नै रेलमार्ग निर्माण सकिएको भए पनि कानूनी तथा प्राविधिक जटिलताका कारण लामो समयसम्म रेल सञ्चालनको मिति तय हुन सकेको थिएन। कुल ३५ किलोमिटर लामो सो रेलमार्गमा चल्ने रेलका अन्तर्देशीय प्रकृतिको ब्रोडगेज हो।

मन्त्रालयका अनुसार २०७७ असोज पहिलो साता जनकपुर आइपुगेको रेल सञ्चालन गर्नेबारे यस अघि ठोस निर्णय हुन सकेको थिएन। सरकारले सबै करसहित रु एक अर्ब तीन करोड बराबर खर्च गरेको रेल सञ्चालनमा नआउँदा रेलका लिकमा राखिएका सामानसमेत चोरी भएका थिए। जनकपुरमा रेल आइपुगेको १७ महीनापछि सञ्चालन हुन लागेको हो। सरकारले रेलको भाडासमेत तय गरेको छ। सामान्य सिटमा यात्रा गर्नेलाई रु ७० र वातानुकूलित (एसी) सिटमा यात्रा गर्नेलाई रु ३०० बराबर भाडा लाग्ने गरी दुई प्रकारको भाडा तय भएको छ। यस्तै रेल दुर्घटनामा परी कोही कसैको ज्यान गएको खण्डमा रु सात लाखसम्म क्षतिपूर्ति दिइने व्यवस्थासमेत रेल्वे अध्यादेशमा गरिएको छ।

गत फागुनदेखि नै दैनिक एकपटक रेल सञ्चालन गरिँदै आएको थियो। सबै प्राविधिक तयारी पूरा भएको र कर्मचारीसमेत नियुक्त भई काममा खटिइसकेको नेपाल रेल्वे कम्पनीले जनाएको छ।


### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2JPCXG0MC012054, इन्जिन नं M-936*55631* भएको बागमती प्रदेश – ०६–०१ प ६९७१, नम्बरको KTM Duke २०० CC को मोटरसाइकल २०७८/११/२८ गते शनिवार साँझ पटेर्वासुगौली गापा–५ निचुटा खेल मैदानबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो. नं. नम्बर ९८०१३६०८८० मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

**अजय राउत**
**जीराभवानी गापा–४, पर्सा**


## नेता/अभिनेता विश्वकर्माको निधन

प्रस, वीरगंज, १५ चैत/

पर्सा जिल्लाका कम्युनिस्ट नेता एवं सिने कलाकार शिवजी विश्वकर्माको मङ्गलवार निधन भएको छ।

आज बिहान हृदयघात भएर विश्वकर्माको निधन भएको नेकपा एमाले वीरगंज महानगरका उपाध्यक्ष महेश दासले बताए। सोमवार राति ९ बजे छाती दु:खेको र नेशनल मेडिकल कलेजमा उपचारार्थ भर्ना भएका थिए तर चिकित्सकले ग्याँसको समस्या भएर भोलि फिजिसियनलाई देखाउन भनी फर्काएको र भोलि बिहान पुन: सोही समस्या भएर उनको निधन भएको महानगर अध्यक्ष दासले बताए।

६३ वर्षीय विश्वकर्मा हाल वीरगंज महानगर–१२ ब्रह्मनगरमा बस्दै आएका थिए। विश्वकर्मा शुरूदेखि पर्सा जिल्लाको कम्युनिस्ट राजनीतिमा आबद्ध रही भोजपुरी सिनेमामा पनि सक्रिय थिए। उनले दुई दर्जनभन्दा बढी भोजपुरी सिनेमामा अभिनय गरेका छन्। उनको मृत्युमा नेकपा एमालेको तर्फबाट केन्द्रीय सदस्य अरविन्द सिंह, प्रचार विभाग सदस्य महेश दासले पार्टीको झन्डा ओढाएका थिए। उनको आजै दाहसंस्कार गरिएको छ।



स्व. शिवजी विश्वकर्मा

# ठोरी गाउँपालिकामा चुनावी सरगर्मी बढ्दै

ओमप्रकाश चौधरी, सेढवा, १५ चैत/

ठोरी गाउँपालिकामा पनि स्थानीय चुनावको सरगर्मी बढेको छ। वर्तमान गापा अध्यक्ष पद्मलाल (पिएल) श्रेष्ठ नेकपा माओवादी केन्द्रबाट गापा अध्यक्षको लागि दाबेदार छन्। उनी यस अघि पनि माओवादी पार्टीबाट गापा अध्यक्षमा विजयी भएका हुन्।

नेपाली काङ्ग्रेसबाट वृहस्पतिकृष्ण श्रेष्ठको नाम चर्चामा छ। नेकाबाट गत स्थानीय चुनावमा जरी लामा उम्मेदवार थिए र पराजित भएका थिए। नेकपा एमालेबाट लालबहादुर श्रेष्ठको नाम चर्चामा छ। उनी गत स्थानीय चुनावमा नेकपा एमालेबाट उम्मेदवार थिए र पिएल श्रेष्ठपछि दोस्रो भएका थिए। वर्तमान गापा उपाध्यक्ष शान्तिमाया थिङले यसपटक टिकट पाउने सम्भावना कम छ। उनी यस अघि माओवादीबाट विजयी भएकी थिइन्।

नेपाली काङ्ग्रेसको तर्फबाट उपाध्यक्षमा उम्मेदवार टुङ्गो लागेको छैन भने एमालेबाट गोकुली रेग्मीको नाम चर्चामा छ। रेग्मी गत स्थानीय चुनावमा पराजित भएकी थिइन्।

वडाध्यक्षमा नेकपा माओवादी केन्द्रबाट सूर्यबहादुर लामा, बईबहादुर पाखिन, अष्टबहादुर लोप्चनको नाम चर्चामा छ भने दुईवटा वडाध्यक्षको नाम टुङ्गो लागेको छैन।

नेपाली काङ्ग्रेसबाट वडाध्यक्षमा नवराज फुयाँल, शिवकुमार बस्नेत, विमल खड्काको नाम चर्चामा छ। ५ वटा वडाध्यक्षमध्ये दुईजनाको नाम भने अहिलेसम्म चर्चामा आएको छैन। एमालेबाट मीनबहादुर गुरुङ, नरबहादुर क्षत्री, शम्भु खड्का, सागर लामा र सुन लामाको नाम चर्चामा छ। जसपालगायत दलहरू उम्मेदवार खोज्न गृहकार्य गरिरहेका छन्।



पिएल श्रेष्ठ, वृहस्पतिकृष्ण श्रेष्ठ, लालबहादुर श्रेष्ठ र गोकुली रेग्मी



सुन लामा, सूर्यबहादुर लामा, बईबहादुर पाखिन र नवराज फुयाल

# राप्रपाद्वारा जनजागरण र्‍याली




प्रस, वीरगंज, १५ चैत/

राष्ट्रिय प्रजातन्त्र पार्टी, पर्साले वीरगंजमा आज जनजागरण र्‍याली गरेको छ। घण्टाघरबाट निस्केको र्‍याली नगर परिक्रममापछि घण्टाघरमा पुगी कोणसभामा परिणत भएको थियो।

२०७४ को संविधान र सङ्घीयता खारेज गर, २०४७ सालको संविधान लागू गर, एमसिसी, गणतन्त्र, धर्मनिरपेक्षता खारेज गर, हिन्दू राष्ट्र कायम गर, राजसंस्था पुनः स्थापना गर नारा लगाउँदै प्रदर्शन गरिएको थियो।

कोणसभामा पार्टीका जिल्ला अध्यक्ष सुमेश्वर उपाध्याय, केन्द्रीय सदस्य अङ्गद ठाकुर, नगर अध्यक्ष जलेश्वर सर्राफलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | नेपाल पत्रकार महासङ्घ, पर्सा | प्रभातफेरि | घण्टाघर | ७ बजे |
| २. | शर्मा परिवार | पुस्तक समीक्षा | वीरगंज महानगर सभाकक्ष | १४:०० |

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## अघोषित लोडसेडिङ हटाउन माग

प्रस, वीरगंज, १५ चैत/

वीरगंज उद्योग वाणिज्य सङ्घले विज्ञप्ती जारी गर्दै लोडसेडिङ हटाउन माग गरेको छ।

सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताले विज्ञप्तीमार्फत केहिदिन देखी अघोषित रुपमा लोडसेडिङ गर्ने काम भैरहेको भन्दै तत्काल लोडसेडिङ हटाउन माग गरेका छन। उनले लामो समयदेखी कोरोनाको प्रभावले पर्सा–बारामा उद्योगहरु आर्थिक रुपमा जर्जर भएको र योसंगै बैंकहरुले ब्याज बृद्धिको मार, आयातमा सतप्रतिशत एलसी मार्जिनलगायतको समस्याहरुसंग जुध्दै आएका उद्योगहरुमा केहिदिनदेखी अघोषित रुपमा गरिएको लोडसेडिङले समस्या सृजना गरेको भन्दै लोडसेडिङ तत्काल हटाउन माग गरिएको छ।

### नागरिकता.........

प्रमुख जिल्ला अधिकारी उमेश ढकालले एक्कासि दोब्बर सङ्ख्यामा नागरिकता लिन आउनेहरू बढेको बताए। विभिन्न दलका नेताहरूले नागरिकताका लागि मतदाताहरूलाई उस्काएको कारण भीड बढेको बुझिन आएको छ। केही नेताहरूले नागरिकता बनाउनको लागि आवतजावत खर्चसमेत बेहोरिरहेका छन्।

नागरिकता पाउने सबै उमेर तहका मानिसहरूको अहिले जिल्ला प्रशासनमा भीड बढेको छ। एकजनाले छोराको नागरिकता नभएको र सो बनाउन आफ्नो लागि पैसा पनि नभएको नेतालाई बताएपछि सवारी खर्च, खाजा खर्चसहित नागरिकता बनाउन पठाएको बताए। यसरी नागरिकता बनाउनेहरूको भीड अहिले जिल्ला प्रशासनमा देख्न पाइन्छ।

# खेलकूदको संसार

## मेयरकप फूटबल : विद्यासदन र मूनलाइट विजयी

प्रस, वीरगंज, १५ चैत/

वीरगंज महानगरपालिका कार्यालयको शैक्षिक महाप्रशासन शाखाद्वारा आदर्शनगर रङ्गशालामा जारी तेस्रो मेयर



फूटबल प्रतियोगिता अन्तर्गत मङ्गलवार दुईवटा खेल सम्पन्न भएको छ।

पहिलो खेलमा विद्यासदन माविले सगरमाथालाई शुन्यका विरुद्ध एक गोल अन्तरले पराजित गर्‍यो। दोस्रो खेलमा मूनलाइट विजयी भयो। निर्धारित समयमा मूनलाइट र सोलखपुर माविबीच भएको खेल एक/एक गोलको बराबरीमा सकिएको थियो। बराबरीपछि टाइबेकरमा मूनलाइटले पाँचवटै गोल गरेको थियो भने सोलखपुरले एक गोल चुकेपछि पराजय भोग्नुपरेको महानगरको शिक्षा महाशाखाका सदस्य सचिव आनन्द लामिछानेले बताए।

# चुरे संरक्षणसम्बन्धी तीन दिने अभिमुखीकरण तालीम सम्पन्न

प्रस, निजगढ, १५ चैत/

चुरे संरक्षणसम्बन्धी अभिमुखीकरण तीन दिने तालीम सोमवार सम्पन्न भएको छ। चुरेको संरक्षणविना चुरे क्षेत्रको माथिल्लो तटीय क्षेत्र र तल्लो तटीय क्षेत्रको संरक्षण नहुने भएकोले तराई–मधेसमा रहेका सबैले चुरे संरक्षणलाई आत्मसात् गर्नुको विकल्प छैन। चुरे विश्वको कान्छो पर्वत शङ्खला भएकोले चुरे पर्वत तराई–मधेसको जीवन रेखा रहेकोले यसको संरक्षणमा सबैको समान चासो र चिन्ता हुन जरूरी छ। जसरी मानव जीवन स्वस्थ तरीकाले बाँच्न शरीरका विभिन्न अङ्गहरूको महत्त्वपूर्ण भूमिका हुन्छ, त्यसैगरी तराई–मधेसको प्रकृति र प्राकृतिक जीवन चक्रसँग चुरे पर्वतको सम्बन्ध अनिवार्यरूपमा प्रगाढ रहेको बताउँदै चुरेविना तराई–मधेसको कल्पना गर्न नसकिने सो अवसरमा बताइएको थियो।

चुरे र चुरे आसपासका वनजङ्गलमा हरियाली नरहे वर्षा याममा उचित मात्रामा वर्षा नहुने र पानीको स्रोत तराई मधेसमा निकै कम हुन गई पानीको अभावमा मानव, वन्यजन्तु, घरपालुवा जनावरलगायत अन्य प्राणीको जीवन सङ्कटमा पर्ने बताउँदै पानीको अभावमा तराई–मधेसको खेतीयोग्य जमीन बञ्जर, मरुभूमि हुने सो तालिममा जानकारी दिइएको थियो। मानव बस्ती, खेतीपातीका नाउँमा चुरे र आसपासका वन क्षेत्रको अनावश्यक अतिक्रमण फडानी गर्न नहुने बताउँदै मानव बस्ती होस् वा अन्य विकास निर्माण, बाटाघाटा, सडकलगायत कार्य नगरी चुरे दोहन रोक्नु नै चुरे संरक्षणको पहिलो प्रयास हुने बताइएको थियो।

पछिल्लो समय यता निरन्तर चुरेका संवेदनशील क्षेत्रमा रहेका ढुङ्गा, गिट्टी, बालुवाजस्ता प्राकृतिक स्रोतमाथि आक्रमण भइरहेको छ। चुरे क्षेत्रबाट निस्कने खोला, खोल्सीहरूलाई व्यवस्थित बनाउन राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन एकाइ भरतपुर, चितवनले विभिन्न नदी खोलानाला, खोल्सीहरूमा तटबन्ध, वृक्षारोपणलगायत आवश्यक कार्य गर्दै आइरहेको र यसको संरक्षणमा स्थानीयहरूको पनि सहभागिता अनिवार्य रहने सो तालिमका प्रशिक्षक राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन एकाई भरतपुर चितवनका प्राविधिक अनिल सिन्हाले जानकारी दिए।

विभिन्न समयमा गरिएका चुरे संरक्षणका प्रयास र उद्योगका नाउँमा चुरे र यसको आसपास प्राकृतिक स्रोत साधनहरूको अचाक्ली दोहन र यसको रोकथामका विषयमा सञ्चारकर्मी र सञ्चार क्षेत्रले पुर्‍याउँदै आएको योगदानको चर्चा गर्दै यससम्बन्धी




तस्वीरहरू र श्रव्य–दृश्यमार्फत सहभागीहरूलाई पत्रकार जीतलाल श्रेष्ठले जानकारी गराएका थिए।

तालीममा राष्ट्रपति चुरे तराई–मधेस संरक्षणका लागि गुरु योजना, चुरे संरक्षणका गतिविधि, चुरे संरक्षणमा स्थानीय सहभागिताबारे मनिक थिङ र अन्य विविध विषयमा निश्चल रेग्मीले जानकारी दिएका थिए।

राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन एकाइ भरतपुर चितवनको आयोजनामा तीन दिनसम्म जीतपुर–सिमरा उपमहानगरपालिका–२१ अमलेखगंज र २२ चकरीका चारवटा उपभोक्ता समूहका २५ जना सहभागी थिए।

## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्ररी निभाऔं,
- वन–जङ्गलमा धूमपान नगरौं,
- हाम्रो सानो असावधानीले जङ्गलमात्र होइन आसपासका बस्तीसमेत उजाड हुन सक्छ,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड